# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४३ | काठमाडौं | आइतबार, २८ भदौ २०८३ | Prabhab National Daily | Sunday, 13 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## एसिसी प्रिमियर कप च्याम्पियन बन्दै नेपाल एसिया कपमा छनोट




- युएईलाई ४४ रनले हराउँदै एसिसी प्रिमियर कपको उपाधि रक्षा
- नेपाललाई दोस्रोपटक प्रिमियर कपको उपाधि, दोस्रोपटक एसिया कपमा
- नेपालको जितमा आसिफ शेखले खेले शतकीय इनिङ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीले एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि जितेको छ । शनिबार मलेसियामा भएको फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो ।

यो जितसँगै नेपाली टोली सन् २०२७ मा बंगलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो ।

गत संस्करणको विजेता युएई एसिया कप २०२७ मा स्थान बनाउन असफल रह्यो । फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९.१ ओभरमा २६९ रनमा अलआउट भयो । उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन ।

यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा तनवीरले १५ रन जोडे । नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशन झाले एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो । नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले । उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन् ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा आसिफको यो दोस्रो शतक हो । यस्तै, शनिबार गुलशनले अर्धशतकीय पारी खेले । उनले ३८ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ५२ रनको पारी खेलेका हुन् ।

क्रमशः पृष्ठ २ मा

## चीनप्रति वालेन्द्र सरकारको दोहोरो नीति !

"नेपाल एक चीन सिद्धान्तप्रति दृढ छ । नेपाली भूमि छिमेकीविरूद्ध प्रयोग हुन दिँदैनौं ।

■ **शिशिर खनाल**
परराष्ट्रमन्त्री

सरकारको कतिपय गतिविधि चीनविरोधी देखिन्छ ।

■ **डा. टंक कार्की**
चीनका लागि पूर्वराजदूत

■ **जेबी योञ्जन**




**फाउन्डेसन फर पिस डेभलपमेन्ट एण्ड सोसलिजमले नेपाल–चीन सम्बन्धबारे शनिबार काठमाडौंमा आयोजना गरेको 'काष्ठमण्डप डायलग' कार्यक्रममा सम्बोधन गर्दै परराष्ट्रमन्त्री शिशिर खनाल ।** *तस्बिरः रासस*

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल 'एक चीन' सिद्धान्तप्रति दृढ रहेको बताएका छन् । नेपाली भूमि कुनै पनि छिमेकीविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता पनि उनले दोहोऱ्याएका छन् ।

फाउण्डेसन फर पिस डेभलपमेन्ट एण्ड सोसलिजमले शनिबार काठमाडौंमा आयोजना गरेको 'काष्ठमण्डप डायलग'मा मन्त्री खनालले चीनसँग नेपालको सम्बन्धलाई प्राथमिकतामा राखेर धारणा राखेका हुन् । 'नेपाल एक चीन सिद्धान्तप्रति दृढ छ । नेपाली भूमि छिमेकीविरुद्ध प्रयोग हुन दिँदैनौं,' उनले भने ।

तर, परराष्ट्रमन्त्रीले यस्तो प्रतिबद्धता जनाइरहेका बेला सरकारकै गतिविधिले चीनलाई चिढ्याउने काम भइरहेको आरोप लाग्दै आएको छ । काठमाडौं विश्वविद्यालयले यही भदौको ७ देखि १३ गतेसम्म तिब्बती अध्ययनसम्बन्धी सम्मेलन आयोजना गर्ने तयारी गरेको विषय त्यसको एउटा उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । स्रोतको दाबीमा सम्मेलन आयोजना गर्न खोजेपछि नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले प्रधानमन्त्री शाहलाई भेटेर सम्मेलन नगर्न दबाब दिए । त्यसपछि सम्मेलन रोकिएको हो ।

गृहमन्त्री सुधन गुरुङले अनलाइन माध्यमबाट भए पनि सम्मेलन आयोजना गर्ने प्रयास गरेको भए पनि त्यो प्रयाससमेत सफल हुन सकेन ।

एकातिर चीनको संवेदनशीलताका कारण तिब्बती अध्ययनसम्बन्धी सम्मेलन रोकिएको चीनका लागि पूर्वराजदूत डा. टंक कार्कीले बताए । 'उक्त सम्मेलन गरेर भूराजनीतिक संकट निम्त्याउन खोजिएको थियो । अन्ततः रोकेर सरकारले ठिकै गऱ्यो,' उनले प्रभावसँग भने, 'सरकारको कतिपय गतिविधि चीनविरोधी देखिन्छ ।'

सरकारकै पहलमा दलाई लामाको जन्मोत्सव मनाएको विषयले पनि सरकार विवादित बन्यो । गत जुलाई ६ मा फर्पिङस्थित नाम्ग्याल गुम्बामा दलाई लामाको जन्मोत्सव मनाइएको थियो । कार्यक्रममा अमेरिकालगायत विभिन्न देशका राजदूत सहभागी थिए । उक्त कार्यक्रम सरकारकै पहलमा आयोजना भएको विषय बाहिरिएको थियो ।

दलाई लामालाई चीनले पृथकतावादी नेताका रूपमा हेर्दै आएको छ । यस्तो अवस्थामा नेपालमा उनको जन्मोत्सवमा विदेशी कूटनीतिज्ञको सहभागितासहित कार्यक्रम आयोजना हुनु स्वाभाविकरूपमा चीनको चासोको विषय बनेको पूर्वराजदूत कार्की बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण

## २५ व्यवसायीमाथि प्रतिबन्ध लगाएर अनुसन्धान गर्ने प्रक्रियामा विभाग



"यस विषयलाई सरकारले गम्भीरतापूर्वक लिएकाले विभागले कारबाहीको प्रक्रिया थालिसकेको छ । एफडब्ल्युसिएमएसमा उहाँहरु जसरी प्रवेश गर्नुभयो त्यसरी नै त्यहाँबाट निस्किनुको विकल्प छैन । आफैं प्रणालीबाट निस्किएर व्यवसायमा फर्किनु नै उहाँहरुका लागि उपयुक्त हो ।

■ **डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ




- एफडब्ल्युसिएमएसमा सूचीकृत २५ व्यवसायीको हकमा संस्था स्थापना भएदेखि हालसम्मका सबै कारोबारको अनुसन्धान गरिने
- सहायक संस्थाका रूपमा सूचीकृत २५० व्यवसायीलाई स्पष्टीकरण सोध्न मन्त्रालयको निर्देशन

■ **ममता थापा**

**काठमाडौं–** मलेसियाको श्रमिक भर्ना प्रणालीमा सीमित व्यवसायीलाई पहुँच दिनेगरी बनेको संरचना विस्तार भएपछि सरकारले अनुसन्धान अघि बढाएको छ । फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएसमा सूचीकृत २५ व्यवसायी र उनीहरू मातहत काम गर्ने भनिएका २५० संस्थामार्फत श्रमिक पठाउन रोकेर छानबिन गरिने भएको हो ।

यसका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयले शुक्रबार वैदेशिक रोजगार विभागलाई २५ व्यवसायीको हकमा संस्था स्थापना भएदेखि हालसम्मका सबै कारोबारको अनुसन्धान गर्न निर्देशनसहित पत्राचार गरेको छ । यसैगरी सहायक संस्थाका रूपमा सूचीकृत २५० व्यवसायीलाई स्पष्टीकरण सोध्न निर्देशन दिएको मन्त्रालयले जनाएको छ । एफडब्ल्युसिएमएसमा सूचीकृत संस्थामार्फत मलेसिया पठाउन प्रतिबन्ध लगाएर अनुसन्धान गर्न पत्राचार गरिएको मन्त्रालयका एक अधिकारीले बताए ।

मलेसिया नेपालको प्रमुख रोजगार गन्तव्य भएकाले त्यहाँको भर्ना प्रक्रिया अवरोध भए त्यसको प्रत्यक्ष मारमा श्रमिकहरू पर्ने सरोकारवालाको भनाइ छ । त्यसैले सरकारले एकातर्फ विवादित प्रणालीको अनुसन्धान अघि बढाएको र अर्कोतर्फ मलेसियासँग कूटनीतिक संवाद गरेर समाधान खोज्ने प्रयास गरिरहेको जनाएको छ ।

यसबीचमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियामा एकाधिकार लगाउने प्रयास सफल नहुने भन्दै उक्त प्रणालीबाट निस्कन व्यवसायीलाई अनुरोध गरेको छ । संघले स्वतन्त्ररूपमा इजाजत लिएका संस्थाहरूलाई आफ्नो स्वाभिमान दाउमा नराखी स्वतः स्फूर्तरूपमा व्यवसायमा फर्किन भनेको हो ।

हाल मुलुकमा ११ सयभन्दा बढी इजाजतप्राप्त संस्थाहरू छन् । राज्यले व्यवसाय गर्न अनुमति दिएका संस्थाहरूलाई समानरूपमा प्रतिस्पर्धा गरेर व्यवसाय गर्न पाउने अधिकार दिएको छ । मुलुकको कानुन र संविधानले निषेध गरेका गतिविधिमा लागेर सरकारको कारबाहीमा पर्नुभन्दा अघि नै उक्त प्रणालीबाट निस्कनु उपयुक्त हुने संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए ।

क्रमशः पृष्ठ २ मा

## शिक्षामन्त्री सहभागी कार्यक्रममा हंगामा, बोल्दाबोल्दै छाडे मन्त्रीले कार्यक्रमस्थल

- मन्त्री पोखरेललाई सीधै माइक दिएपछि विवाद
- दिनेश महतोले कार्यक्रम सञ्चालनमा आपत्ति जनाए
- जनप्रतिनिधिलाई चुप लगाउन खोजेको आरोप
- रास्वपा सभापतिको मोबाइल खोस्न खोज्दा हंगामा
- विवाद बढेपछि मन्त्री पोखरेल कार्यक्रमबाट बाहिरिए



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल सहभागी सिरहाको औरही गाउँपालिकाको एक कार्यक्रममा विवाद चर्किएको छ । पाठ्यक्रमका लागि सुझाव संकलन गर्न शनिबार आयोजित कार्यक्रममा बोल्ने अवसर, कार्यक्रम सञ्चालन र भिडियो खिचेको विषयलाई लिएर विवाद भएपछि मन्त्री पोखरेलले बोल्दाबोल्दै कार्यक्रमस्थल छाडेका हुन् ।

औरही गाउँपालिकाले शनिबार आयोजना गरेको कार्यक्रममा मन्त्री पोखरेल प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा प्रतिनिधिसभा सदस्य शिव यादव, पुरुषोत्तम यादव, जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतो, गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक तथा अन्य सरोकारवालाको सहभागिता थियो ।

क्रमशः पृष्ठ २ मा

### 'भ्रम फैलाउने प्रयास भयो'

शिक्षामन्त्री सस्मित पोखरेलले दुई जना व्यक्तिले आएर हल्ला गरेपछि कार्यक्रम प्रभावित भएको बताएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेख्दै छोटो भिडियो क्लिप खिचेर भ्रम फैलाउन खोजिएको भन्दै आपत्ति जनाएका छन् ।

'आज सिरहा र सप्तरीमा १०० जनाभन्दा बढी सरोकारवाला सहभागी अन्तरक्रियामा धेरैभन्दा धेरैका आवाज सुन्ने हाम्रो प्रयास थियो । तर, दुई जना व्यक्तिले आएर हल्ला गरेपछि बाँकी विद्यार्थी, शिक्षक र अभिभावकको सहभागिता क्रमशः पृष्ठ २ मा



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# पशुपति क्षेत्रमा तीजका लागि सफाइ

**काठमाडौं (प्रस)–** हरितालिका (तीज) को तयारीस्वरूप पशुपति क्षेत्रका विभिन्न स्थानमा सफाइ गरिएको छ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव तीर्थ श्रेष्ठ, कोषाध्यक्ष मीनाकुमारी श्रेष्ठलगायत कोष सञ्चालक परिषद् सदस्यहरूसहित कर्मचारी, स्थानीयवासी र भक्तजनहरूको उपस्थितिमा पशुपति क्षेत्रका बागमती पारिका १५ शिवालय, मृगस्थली, किरातेश्वर, गौरीघाट, उमाकुण्ड, दक्षिणामूर्ति, भुवनेश्वरीलगायत मुख्य मुख्य क्षेत्रमा सफाइ गरिएको हो। त्यस क्षेत्रका अव्यवस्थित संरचनालाई पनि व्यवस्थित गराइएको छ।

पन्ध्र शिवालय क्षेत्रमा शुक्रबार राति भएको आगलागीबाट एउटा शिवालयमा पुगेको क्षतिको अनुगमन गरी फोहोर हटाइएको छ। ढुंगैढुंगाले बनेको शिवालयको भित्र काठ प्रयोग भएको र त्यहाँ बस्नेले भित्री भागमा कपडा राखेकाले आगलागी भएको पाइएको कोष सञ्चालक परिषद् सदस्य केदारमान भण्डारीले जानकारी दिए।

आगलागीका कारण शनिबार बिहानसम्म त्यस क्षेत्रमा धुवाँको मुस्लो छुटेको थियो। शुक्रबार रातिको घटनापछि पशुपति क्षेत्रका कुनै पनि शिवालय एवं मन्दिर क्षेत्रमा अनधिकृतरूपमा बसोबास गर्न नदिइने पनि उनले बताए।

पशुपति क्षेत्रलाई सफा, स्वच्छ राखी हिन्दू महिलाको महान् पर्व हरितालिका (तीज)को तयारीका लागि सहयोग गर्न शनिबार पशुपति क्षेत्रमा विशेष सफाइ गरिएको हो। स्वच्छ पशुपति निर्माणमा सामाजिक उत्तरदायित्वको भावनाले सफाइमा जुटौं भन्ने नाराका साथ सफाइ अभियान सञ्चालन गरिएको उनले सुनाए।

पृष्ठ १ बाट क्रमशः

## चीनप्रति वालेन्द्र...

त्यतिमात्र होइन, मार्च २८ मा काठमाडौंमा आयोजित एभरेस्ट फेस्टिभलमा ताइवानको राष्ट्रिय गीत बजाइएको र ताइवानी झण्डा फहराइएको विषयसमेत विवादमा आएको थियो। नेपालले औपचारिकरूपमा 'एक चीन' नीति स्वीकार गर्दै आएको छ। ताइवान चीनको अभिन्न अंग रहेको चीनको दाबीलाई नेपालले मान्यता दिँदै आएको छ।

यस्तो अवस्थामा ताइवानी राष्ट्रिय गीत र झण्डाको प्रयोगलाई सरकारको मौन समर्थनका रूपमा व्याख्या गर्ने ठाउँ बनेको चीनका लागि अर्का पूर्वराजदूत विष्णुपुकार श्रेष्ठ बताउँछन्। बौद्धमा चिनियाँ लामा परिवर्तन गरिएको विषय पनि सरकारको चीन विरोधी गतिविधिको रूपमा अर्थ्याइने गरिएको छ। गुठीको अध्यक्षमा खड्गजीत लामाको नियुक्तिसमेत विवादको विषय बन्यो।

यता, नारायणगढ-बुटवल सडकखण्ड निर्माण गरिरहेको चिनियाँ ठेकेदारलाई गृहमन्त्री गुरुङले मन्त्री बनेलगत्तै थर्काएका थिए। चीनसँग सम्बन्धित परियोजनामा सरकारको व्यवहारप्रति प्रश्न उठिरहेका बेला बिआरआइअन्तर्गत झापाको दमकमा निर्माण गर्ने भनिएको औद्योगिक ग्राम वालेन्द्र सरकारले खारेज गर्‍यो।

त्यसैगरी, जेन-जी विद्रोहका क्रममा तिब्बती ओरिजिनल ब्लड (टिओबी)ले तिब्बती स्वतन्त्रताको नारा लगाएको थियो। गौरीबहादुर कार्की र लिली थापाको मानवअधिकार आयोगसम्बन्धी प्रतिवेदनले विद्रोहमा टिओबीको घुसपैठबारे उल्लेख गरेको थियो। तर, वालेन्द्र सरकारले त्यस विषयमा कारबाही नगरेको भन्दै प्रश्न उठेको छ।

जेन-जी विद्रोहपछि प्रधानमन्त्री बनेकी सुशीला कार्कीलाई दलाई लामाले शुभकामना तथा बधाइ दिएको विषय पनि विवादित बन्यो। प्रधानमन्त्री शाहलाई समेत दलाई लामाले शुभकामना दिएका थिए। यी सबै घटनालाई जोडेर हेर्दा वालेन्द्र सरकारको चीन नीतिमा दोहोरोपन देखिएको आरोप लाग्न थालेको छ। औपचारिक रूपमा 'एक चीन' नीति दोहोर्‍याउने तर व्यवहारमा तिब्बत र ताइवानसँग जोडिएका संवेदनशील गतिविधिमा मौन बस्ने वा समर्थन गर्ने। सरकारमाथि उठेको मूल प्रश्न यही हो।

यस्तोमा मन्त्री खनालले भने नेपाल-चीन सम्बन्धलाई अझ गहिरो बनाउनुपर्ने धारणा राखेका हुन्। उनले नेपाली चिया, कफी र जडीबुटीलाई चिनियाँ बजारमा सहज पहुँच दिलाउन नेपालमै अन्तर्राष्ट्रियस्तरको क्वारेन्टिन तथा प्रमाणीकरण प्रयोगशाला स्थापना गर्न चिनियाँ प्राविधिक सहयोग आवश्यक रहेको बताए।

भृकुटी र प्राचीन व्यापारिक मार्गको स्मरण गर्दै उनले विद्वान्, विद्यार्थी, अनुसन्धानकर्ता र व्यापारीमार्फत जनस्तरको सम्बन्ध थप प्रगाढ बनाउनुपर्ने उल्लेख गरे। उनका अनुसार नेपाल र चीनबीचको सम्बन्ध सरकार-सरकार तहमा सीमित हुनु हुँदैन। जनस्तरको सम्बन्ध पनि विस्तार हुनुपर्छ।

तर, सम्बन्ध विस्तारको कुरा गरिरहेका परराष्ट्रमन्त्रीसामु आफ्नै सरकारका गतिविधि व्यवस्थापन गर्ने चुनौती देखिएको छ। 'एक चीन' नीति नेपालको परराष्ट्र नीतिको आधारभूत विषय हो। छिमेकी चीनको सुरक्षा संवेदनशीलतालाई बेवास्ता गरेर नेपालले आफ्नो भूमि कुनै पनि गतिविधिका लागि प्रयोग हुन दिन सक्दैन। यस विषयमा सरकारको स्पष्टता आवश्यक हुन्छ।

■■■

## एसिसी प्रिमियर...

एकदिवसीय अन्तर्राष्ट्रियमा गुलशनको यो छैटौं अर्धशतक हो। यस्तै, अर्जुन कुमालले ४३, रोहितकुमार पौडेलले ४०, दीपेन्द्रसिंह ऐरीले १८, बसिर अहमदले अविजित १५ र इशान पाण्डेले १३ रन जोडे। युएईका लागि बलिङमा इब्रार अहमदले चार, खुजैमा तनवीरले दुई तथा हैदर अली, अबीद उस्मानीले एक/एक एक विकेट लिएका थिए। प्रतियोगितामा नेपालले समूह चरण र सेमिफाइनल गरी पाँचमध्ये चार खेल जित निकाल्दा एक खेलमा पराजित भएको थियो। युएई प्रतियोगितामा अपराजित रहँदै फाइनलमा पुगेको थियो।

■■■

## २५ व्यवसायीमाथि...

'यस विषयलाई सरकारले गम्भीरतापूर्वक लिएकाले विभागले कारबाहीको प्रक्रिया थालिसकेको छ। एफडब्ल्युसिएमएसमा उहाँहरू जसरी प्रवेश गर्नुभयो त्यसरी नै त्यहाँबाट निस्किनुको विकल्प छैन,' उनले भने, 'आफैं प्रणालीबाट निस्किएर व्यवसायमा फर्किनु नै उहाँहरूका लागि उपयुक्त हो।'

एफडब्ल्युसिएमएसमा सूचीकृत व्यवसायीमार्फत मात्रै श्रमिक पठाउने व्यवस्था ल्याएर बिचौलियालाई प्रतिकामदार चार हजार रिंगेट अर्थात् डेढ लाख रूपैयाँ कमिसन बुझाउने सहमति भएको व्यवसायीहरूको दाबी छ। यदि यस्तो भए बिचौलियालाई बुझाउने कमिसनका कारण श्रमिकहरूलाई थप आर्थिक भार पर्ने उनीहरूको भनाइ छ। मलेसिया रोजगारीमा जाने श्रमिकहरू निर्वाधरूपमा जाउन् भन्ने सरकार र व्यवसायीको चाहना भए पनि त्यस्तो अवस्था नरहे श्रमिकहरूका लागि अन्य गन्तव्य मुलुक खोज्ने संघले जनाएको छ।

'श्रमिकहरू निर्वाधरूपमा मलेसियाको रोजगारीमा जान सम्भव भएन भने सूचीकृत संस्थाबाट मात्र श्रमिक पठाउनपर्छ भन्ने छैन। अन्य विकल्प खोजौं,' अध्यक्ष खत्रीले भने, 'युरोपमा व्यक्तिगतरूपमा त्यत्रो श्रमिक गइरहेका छन्। हामीचाहिँ सिण्डिकेटलाई मानेर श्रमिकलाई आर्थिक भार पारेर मलेसियामै श्रमिक पठाउनपर्ने बाध्यता छैन।'

एफडब्ल्युसिएमएमा प्रवेश पाउन २५ व्यवसायीले अर्बौंको आर्थिक चालखेल गरेको बताइन्छ। ठूलो लगानी भइसकेकाले ती व्यवसायीले सरकारसमक्ष यस्तो गतिविधिमा संलग्न नहुने प्रतिबद्धता जनाइरहँदा पनि भित्री चलखेल जारी राखेको देखिन्छ। तर हालको सरकार स्वार्थ समूहको प्रभावमा नपर्ने हुँदा यस्तो प्रयास सफल नहुने व्यवसायीहरूले बताउँदै आएका छन्।

एफडब्ल्युसिएमएस मलेसियामा श्रमिक भर्ती, व्यवस्थापन र अनुगमनको प्रक्रियालाई डिजिटल र एकीकृत बनाउने प्रणाली भएको बताइन्छ। हाल उक्त प्रणालीमा १० वटा स्रोत मुलुकका सीमित व्यवसायीहरू सूचीकृत छन्। ती मुलुकमध्ये बंगलादेश र नेपालबाट धेरै श्रमिक जाने भएकाले स्वार्थ समूह यी दुई मुलुकमा केन्द्रित भएको सिण्डिकेटविरुद्ध संघर्षरत व्यवसायीहरू दाबी गर्छन्।

■■■

## शिक्षामन्त्री सहभागी....

गाउँपालिका अध्यक्ष शिवजी यादवपछि ढिलो गरी कार्यक्रममा पुगेका मन्त्री पोखरेललाई सम्बोधनका लागि सीधै माइक दिइएको थियो। त्यसपछि जिल्ला समन्वय समिति सिरहाका सभापति महतोले कार्यक्रम सञ्चालनको शैलीप्रति असन्तुष्टि जनाएका थिए।

महतोले पाठ्यक्रम निर्माणका लागि सुझाव लिन बोलाइएको कार्यक्रममा स्थानीय जनप्रतिनिधि र शिक्षकलाई समेत आफ्नो धारणा राख्ने अवसर दिनुपर्ने बताएका थिए। उनका अनुसार उक्त विषयमा आफूमात्रै नभई कार्यक्रममा सहभागी शिक्षक तथा अन्य जनप्रतिनिधिलेसमेत असन्तुष्टि जनाएका थिए।

'यो गुनासो मेरो मात्रै थिएन, त्यहाँ सहभागी शिक्षक र अन्य जनप्रतिनिधि साथीहरूको पनि थियो,' महतोले भने, 'तर मन्त्रीज्यूसँग आउनुभएका केही साथीहरूले अपमानजनक ढंगले चुप लगाउन खोज्नुभयो। हामी जिल्लाका जनप्रतिनिधिको आवाज नसुन्ने हो भने यो कस्तो सुझाव संकलन हो।'

कार्यक्रममा विवाद बढ्दै गएपछि मन्त्री पोखरेलसँगै आएका केही व्यक्तिको व्यवहारलाई लिएरसमेत प्रश्न उठेको महतोको दाबी छ। आफूहरूले कार्यक्रममा सुझाव राख्न खोज्दा उल्टै अपमानजनक व्यवहार गरिएको उनको आरोप छ।

यसैबीच कार्यक्रममा भिडियो खिचिरहेको विषयले विवादलाई थप चर्काएको थियो। सहभागीहरू बसेको स्थानबाट भिडियो खिचिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का औरही गाउँपालिका सभापति सन्तोष यादवको मोबाइल फोन खोस्न लगाइएको आरोप लागेको छ।

महतोका अनुसार मन्त्री पोखरेलसँगै आएका एक व्यक्तिले नेपाली सेनालाई भन्दै यादवको मोबाइल खोस्न लगाएका थिए। मोबाइल खोस्न खोजिएपछि कार्यक्रमस्थलमा होहल्ला भएको उनको भनाइ छ।

विवाद चर्किएपछि मन्त्री पोखरेलले आफ्नो सम्बोधन छोटयाएका थिए। त्यसपछि सुरक्षाकर्मीको सहयोगमा उनी कार्यक्रमस्थलबाट बाहिरिएको बताइएको छ। तर, घटनाबारे रास्वपा सांसद शिव यादवले भने महतोमाथि नै आरोप लगाएका छन्। उनका अनुसार कार्यक्रममा विवाद सिर्जना हुनुको मुख्य कारण जिल्ला समन्वय समिति सिरहाका सभापति महतो नै हुन्।

यसरी शिक्षा तथा खेलकुदमन्त्री पोखरेल प्रमुख अतिथि बनेर सहभागी भएको पाठ्यक्रम सुझाव संकलन कार्यक्रम नै विवादको केन्द्र बनेको छ। पाठ्यक्रम निर्माणका लागि शिक्षक र जनप्रतिनिधिबाट सुझाव लिन आयोजना गरिएको कार्यक्रममै जनप्रतिनिधिबीच विवाद भएपछि मन्त्री पोखरेललेसमेत आफ्नो मन्तव्य छोटयाएर सुरक्षाकर्मीको सहयोगमा बाहिरिनुपरेको घटनाले थप प्रश्न उठाएको छ।

घटनाबारे दुवै पक्षका दाबी फरक-फरक छन्। तर मन्त्री सहभागी कार्यक्रममै जनप्रतिनिधि र सहभागीबीच विवाद चर्किनु तथा मोबाइल खोस्न खोजिएको आरोप लाग्नुले कार्यक्रमको व्यवस्थापन र कार्यशैलीमाथि प्रश्न उठेको छ।

■■■

## भ्रम फैलाउने...

प्रभावित हुने अवस्था बन्यो र हामी कार्यक्रमस्थलबाट बाहिरिएका हौं,' उनले लेखेका छन्। 'त्यही घटनाको एक मिनेटभन्दा पनि छोटो भिडियो क्लिप काटेर सम्पूर्ण घटनाको सन्दर्भ नै बंग्याउने र अनावश्यक भ्रम फैलाउने प्रयास भएको छ। लोकतान्त्रिक पद्धतिमा असहमति जनाउने अधिकार सबैलाई हुन्छ। तर, पूरा सन्दर्भ नबुझी छोटो भिडियोका आधारमा धारणा बनाउनु वा नियोजित भ्रमको पछि लाग्नु उचित हुँदैन,' शिक्षामन्त्री पोखरेलको भनाइ छ।


अर्वान बचत तथा ऋण सहकारी संस्था लि.
Urban Savings & Credit Co-operative Ltd.
Kamaladi, Kathmandu, Tel:5356576

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८३ भाद्र २६ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम अठारौं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, स्थान र समय :**
**हस्ताक्षर गर्ने मितिः** २०८३/०६/०१ देखि २०८३/०६/११ गते आइतबार सम्म।
**सभा हुने मिति :** २०८३ असोज ११ गते आइतबार।
**स्थान :** संस्थाको कार्यालय, कमलादी, काठमाडौं।
**समय :** बिहान ११:०० बजे।

**छलफलका विषयहरु :**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
३. आ.ब. ०८२/०८३ को लेखा परिक्षकको प्रतिवेदन तथा नाफा नोक्सान हिसाव स्वीकृत गर्न सम्बन्धमा।
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समितिको तर्फबाट र सदस्यहरुको तर्फबाट प्रतिनिधिको नियूक्ति सम्बन्धमा।
५. आ.ब. ०८३/०८४ को लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
६. विविध।

सञ्चालक समितिको तर्फबाट
सचिव



**म्यागदी हाइड्रोपावर लिमिटेड**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

*(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/२८ गते)*

**शेयरधनी महानुभावहरू,**

मिति २०८३/०५/२६ गते शुक्रबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको ७३औं बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व.२०८२/०८३ को **१९औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा उक्त सभामा प्रतिनिधित्व गर्न शेयरधनी स्वयम् उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**
**मिति :** २०८३/०६/१९ गते, सोमबार (अक्टोबर ५, २०२६)।
**समय :** ११:०० बजे, बिहान।
**स्थान :** महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.११ कालिकानगर, रूपन्देही।

**छलफलका विषयहरू**
**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा।
२. आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको अनुसूची) पारित गर्ने सम्बन्धमा।
३. आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को (घ) बमोजिम लेखापरीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम सोही ऐनको दफा १११ बमोजिम नियुक्ति गरी निजको पारीश्रमिक तोक्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्ताव**
१. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने र प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
२. सर्वसाधारणमा जारी गरिने शेयरलाई संशोधन गरी प्राथमिक सार्वजनिक शेयर निष्काशनको प्रक्रियालाई निरन्तरता दिने सम्बन्धमा।
३. प्राथमिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धमा।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २८ भदौ, २०८३

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधार आउने सम्भावना छ। |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन्। पारिवारिक वातावरण सुखद रहनेछ। |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ। बोलीमा संयम अपनाउनु राम्रो हुनेछ। |
| **कर्कट** | मेहनतअनुसार परिणाम प्राप्त हुनेछ। स्वास्थ्यमा सामान्य सुधार रहनेछ। |
| **सिंह** | जिम्मेवारी बढ्न सक्छ। महत्वपूर्ण निर्णय सोचविचार गरेर लिनुहोस। |
| **कन्या** | व्यापार तथा काममा लाभ मिल्ने संकेत छ। सहकर्मीको सहयोग प्राप्त हुनेछ। |
| **तुला** | आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस। सम्बन्धमा मधुरता कायम हुनेछ। |
| **वृश्चिक** | नयाँ योजना सुरु गर्न अनुकूल समय छ। आत्मविश्वास बढ्नेछ। |
| **धनु** | काममा सफलता मिल्नेछ। यात्राको अवसर आउन सक्छ। |
| **मकर** | आर्थिक लाभको सम्भावना छ। पारिवारिक सहयोगले मन उत्साहित हुनेछ। |
| **कुम्भ** | नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। धैर्यपूर्वक काम गर्नु लाभदायक हुनेछ। |
| **मीन** | रोकिएका काम पूरा हुनेछन्। नयाँ सम्पर्कले भविष्यमा फाइदा पुर्‍याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | |
| ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण | |
| अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर | |
| शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा | |
| प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ भदौ, २०८३ (१३ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५१.८८ | १५२.४८ |
| युरो | १ | १७६.५४ | १७७.२४ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.५२ | २०६.३३ |
| स्विस फ्रैन्क | १ | १८७.३७ | १८८.११ |
| अस्ट्रेलियन डलर | १ | १०९.५८ | ११०.०१ |
| क्यानाडियन डलर | १ | ११०.१७ | ११०.६१ |
| सिङगापुर डलर | १ | १२०.०५ | १२०.५२ |
| जापानी येन | १० | ९.८८ | ९.९२ |
| चिनियाँ युआन | १ | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ | ४०.४५ | ४०.६१ |
| कतारी रियाल | १ | ४१.६७ | ४१.८३ |
| थाई भाट | १ | ४.६२ | ४.६३ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.३५ | ४१.५२ |
| मलेसियन रिङेट | १ | ३७.३२ | ३७.४७ |
| दक्षिण कोरियन वन | १०० | ११.३४ | ११.३९ |
| स्विडिस क्रोनर | १ | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ | २३.६२ | २३.७१ |
| हङकङ डलर | १ | १९.३७ | १९.४४ |
| कुवेती दिनार | १ | ४९५.२९ | ४९७.२४ |
| बहराइन दिनार | १ | ४०२.८४ | ४०४.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।



**नेपालका देवीदेवता**

कला, संस्कृति र धर्मको संरक्षण एवं प्रवर्द्धन गर्न आगामी असोज १ देखि २४ गतेसम्म बबरमहलस्थित नेपाल कला परिषद्मा आयोजना हुने 'नेपाल देवीदेवताः जनश्रुति र किंवदन्ती तेस्रो शृंखला' को पूर्वसन्ध्यामा सर्वसाधारण तथा विशिष्ट व्यक्तिहरूको अवलोकनका लागि शनिबार प्रदर्शनीमा राखिएका कलाकृति । पाँच वर्ष अघिदेखि परिषद्ले नेपालका देवीदेवताः जनश्रुति र किंवदन्ती शीर्षकमा प्रदर्शनी गर्दै आएको छ । *तस्बिरः किरणराज विष्ट/रासस*

# गजल वाचन गरेर मोतीरामको सम्झना

**काठमाडौं (प्रस)**– नेपाली गजलको उन्नयनमा दुई दशकदेखि सक्रिय अनाममण्डलीले शुक्रबार १६१औं मोतीजयन्तीमा मोतीरामको सालिकमा माल्यार्पण गरेर गजलवाचन गरेको छ । २०७२ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानमा अनाममण्डलीले स्थापना गरेको मोतीरामको सालिकमा प्रतिष्ठानका काव्य, संस्कृति, डिजिटलाइजेसन विभाग प्रमुख दीपक सापकोटा, अनाममण्डलीका अध्यक्ष रूपक अलंकार, पूर्वअध्यक्ष घनेन्द्र ओझालगायतले माल्यार्पण गरी आदिगजलकार मोतीराम भट्टप्रति श्रद्धा अर्पण गरे ।

कार्यक्रममा विश्वकीर्तिमानी संगीतकार/गायक सन्तोष श्रेष्ठले मोतीरामको गजल गाएका थिए भने गजलकार राधा कणेल र केशव भट्टराईले भट्टका गजल तरन्नुममा वाचन गरेका थिए ।

उक्त अवसरमा काव्य विभाग प्रमुख दीपक सापकोटाले आदिगजलकार मोतीराम र गजलको सम्मानमा नयाँ प्राज्ञ परिषद्ले पहिलो बैठकबाटै कुशे औंसीलाई 'राष्ट्रिय



गजल दिवस'का रूपमा मनाउने निर्णय गरेको उल्लेख गरे । तर, भोटेकोशी बाढीको विपद्का कारण यसपालि कुशे औंसीमा गर्ने भनिएको गजलको कार्यक्रम केही समय सारिएको उनले जानकारी दिए ।

सापकोटाका अनुसार आगामी असोज १६ मा 'मोती-लय' आयोजना हुने छ । उक्त कार्यक्रममा सातवटै प्रदेशबाट २१ जना नयाँ पुस्ताका र १० जना अग्रजका गजलको विशेष वाचन हुने छ । साथै, ११ जना कलाकारले मोतीरामका चित्र बनाउने र मोतीरामका गजलमा अभिनय गरिने उनले जानकारी दिए ।

# भोटेकोशी बाढीः शव पहिचानमा प्रहरीका तीन उपाय

■ अशोक घिमिरे



**काठमाडौं-** भोटेकोशी बाढीमा मृत्यु भएका व्यक्तिको शव पहिचानका लागि संकलित नमूनाका आधारमा अहिले विधिविज्ञान प्रयोगशालामा धमाधम डिएनएन परीक्षण भइरहेको छ । नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशाला र खुमलटारस्थित नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को प्रयोगशालामा डिएनए परीक्षण भइरहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए ।

शव पहिचानका लागि संकलित डिएनए नमूनामा कुनै त्रुटि नहुने गरी सूक्ष्मरूपमा परीक्षण कार्य अघि बढाइएको छ । नेपाल प्रहरीको विशेषज्ञ टोलीलाई सघाउन भारत, चीन, दक्षिण कोरिया र सिंगापुरका विज्ञ नेपाल आएका छन् । प्रहरीको विधिविज्ञान प्रयोगशालामा भारतीय र कोरियाली तथा खुमलटारस्थित प्रयोगशालामा भारतीय र चिनियाँ टोलीले सघाइरहेका छन् ।

डिएनए परीक्षणका लागि चारवटा मेसिन सञ्चालन गरिएको छ । सो मेसिनले आवश्यक तयारीपश्चात् ९० मिनेटमा एउटा नतिजा निकाल्छ । अर्को नमूनाको परीक्षणका लागि सो मेसिनलाई पूर्णरूपमा निर्मलीकरण गर्नुपर्ने हुन्छ ।

मृतकको हड्डी र दाँतबाट डिएनए परीक्षण गर्दा चार दिनसम्म लाग्ने विशेषज्ञ चिकित्सकको भनाइ छ । दाँत र हड्डीबाट डिएनए निकाल्दा ती अंगलाई धुलो बनाइन्छ । धुलोलाई विशेष केमिकलमा राखेर ७२ घण्टापछि मात्रै प्रक्रियामा लगिन्छ ।

शनिबार अपराह्नसम्म फेला परेका शवको पहिचानका लागि डिएनए नमूना संकलनदेखि आवश्यक प्रक्रिया पूरा गरी एक हजार २३० वटा शव माटोमुनि व्यवस्थापन गरिएको छ । शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ७७९ गरी कूल तीन हजार ६५ वटा डिएनए नमूना संकलन गरिएको छ ।

प्रहरीको प्रयोगशालाको वार्षिक ४०० डिएनए परीक्षण गर्ने क्षमता छ । अहिले दैनिक २५-३० वटा नमूनाको परीक्षण भइरहेको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए । प्रहरीले भदौ १३ गतेदेखि डिएनएको नमूना संकलन गरिरहेको छ । हालसम्म करिब ४०० बढी नमूनाको डिएनए परीक्षण गरिएको छ ।

कतिपय नमूनाको पुनःपरीक्षण गर्नुपर्ने अवस्था आउने विज्ञको भनाइ छ । हड्डी र दाँतको करिब ३० प्रतिशत नतिजा दोहोऱ्याउनुपर्ने हुनसक्ने बताइन्छ । फेला परेका शवको नमूनाबाट जतिसक्दो डिएनएन परीक्षण गर्नेगरी काम भइरहेको प्रवक्ता काफ्लेले बताए । डिएनए परीक्षणलाई तीव्र बनाउन बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा पनि प्रयोगशाला सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

'हेटौंडास्थित प्रदेश प्रहरी कार्यालयमा पनि चाँडोभन्दा चाँडो अर्को प्रयोगशाला सञ्चालन गर्दै छौं, मेसिन ल्याइसकेका छौं, 'सेटअप' भइरहेको छ, एक हप्ताभित्र सञ्चालनमा आउँछ,' उनले भने । भोटेकोशी विपद्पछिको खोज, उद्धार, शव पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पहल लिइरहेका छन् ।

### डिएनए 'म्याचिङ' गर्न 'कोडिस' सफ्टवेयरको प्रयोग

फेला परेका शव र हराइरहेकाको नजिकको आफन्तको नमूना संकलन गरेर डिएनए म्याचिङ गर्न 'कम्बाइन डिएनए इण्डेक्स सिस्टम' (कोडिस) सफ्टवेयर प्रयोगमा ल्याइएको छ । 'मृतकको र आफन्तको डिएनए निकालेर सफ्टवेरमा हालेपछि त्यसले म्याचिङ गर्ने हो,' केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले भने । कोडिस अन्तर्राष्ट्रिय सफ्टवेयर हो ।

'यो सफ्टवेयरले मृतक र आफन्तको डिएनएको रिपोर्ट राखेपछि त्यो सिस्टमले म्याचिङ भएको देखाउँछ,' उनले भने, 'त्यसपछि सम्बन्धित व्यक्तिलाई आवश्यक कागजातका आधारमा उक्त शव निकालेर अन्तर्राष्ट्रिय अभ्यास र कानुनबमोजिम हस्तान्तरण गर्छौं ।'

डिएनए परीक्षणका कामलाई जतिसक्दो चाँडो सम्पन्न गर्न प्रहरीका त्यससम्बन्धी सम्पूर्ण जनशक्ति परिचालित गरिएको छ । प्रहरीका सबै जनशक्तिलाई कुनै पनि बिदा नदिई २४ सै घण्टा डयुटीमा खटाइएको छ ।

'डिएनए प्रोफाइलिङमा स्वदेशी तथा विदेशी जनशक्तिको सहयोग लिइएको छ । विदेशी जनशक्ति पनि नेपालमा आएका छन्,' उनले भने । डिएनए खर्चिलो र समय लाग्ने परीक्षण हो । त्यसका लागि नेपाल सरकारले आवश्यक स्रोत साधनको व्यवस्था गरिदिएको छ । मृतकको शव फेला पर्ने क्रम बढिरहेको र आवश्यक उपकरण तथा जनशक्तिको अभावले प्रहरीलाई चुनौती दिइरहेको छ । सातै प्रदेशमा विधिविज्ञान प्रयोगशाला सञ्चालनमा ल्याउन सकिए अहिलेको चुनौती कम हुने छ ।

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुसीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक योगबहादुर पाल बाढीप्रभावित क्षेत्रबाट संकलित मृतक र आफन्तबाट संकलित नमूना आउने क्रम जारी रहेको बताउँछन् । 'संकलित नमूनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी डिएनए परीक्षणमा अहोरात्र खटिएर कार्य गरिरहेका छौं,' उनले भने । कुनै पनि व्यक्तिको पहिचानका साथै व्यक्तिहरू बीचको जैविक सम्बन्ध स्थापित गर्नका निमित्त डिएनए प्रोफाइलिङ सबैभन्दा प्रभावकारी साधनको रूपमा मानिन्छ ।

### शव पहिचानमा प्रहरीका तीन उपाय

फेला परेका शव पहिचानका लागि प्रहरीले तीन उपाय अपनाएको छ । प्रहरी प्रवक्ता काफ्ले डिएनए परीक्षण, शवको औंठा छाप र फोटो भिडान गरेर शवको पहिचानको विधि अलम्बन गरिएको सुनाए । हराएका व्यक्ति र शवको फोटो भिडान गर्न प्रहरीले 'डिजास्टर भिक्टिम आइडिन्टिफिकेसन' सफ्टवेयरसमेत विकास गरेको छ । 'केही शवको औंठाछाप निकालेका छौं, त्यसलाई प्राविधिक रूपान्तरण गरेर कहाँ-कहाँ हुन सक्छन् भनेर खोजी गरिरहेका छौं,' उनले भने ।

औंठाछाप 'भेरिफाइड' गर्न प्रहरीले राष्ट्रिय परिचयपत्रलगायतको प्रणालीबाट जैविक विवरण लिइएको छ । यो विधिलाई कम खर्चिलो र छरितो मानिएको छ । यद्यपि, हात नभएका तथा गलेका शवबाट औंठाछाप लिन नसकिने प्रहरीको भनाइ छ । *रासस*

# बौद्धनाथ र नमोबुद्धका नवनियुक्त पदाधिकारीलाई सम्मान



**काठमाडौं (प्रस)**– छ्योर्तेन टासी केन्द्रीय तामाङ गुम्बाले बौद्धनाथ क्षेत्र विकास समिति र नमोबुद्ध क्षेत्र विकास समितिमा नवनियुक्त अध्यक्ष, कार्यकारी निर्देशक र सदस्यहरूलाई बधाइ ज्ञापनसहित सम्मान गरेको छ ।

शनिबारका गुम्बाको सभाहलमा आयोजित कार्यक्रममा बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष सुरेन्द्र बज्राचार्य, कार्यकारी निर्देशक आचार्य नुर्बु शेर्पा तथा नमोबुद्ध क्षेत्र विकास समितिका अध्यक्ष शंखबुद्ध लामा र दुई जना सदस्यलाई सम्मानपत्रबाट सम्मान गरिएको हो ।

सम्मान ग्रहण गर्दै अध्यक्षद्वय बज्राचार्य र लामा तथा कार्यकारी निर्देशक शेर्पाले तामाङ गुम्बासँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । गुम्बाका अध्यक्ष हरिबहादुर लामाले बधाइ ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिए । कार्यक्रममा गुम्बाका वरिष्ठ उपाध्यक्ष सिद्धिबज्र लामा र महासचिव हिराबहादुर लामाले पनि दुवै समितिका नवनियुक्त पदाधिकारीहरूलाई बधाइ एवं शुभकामना दिएका थिए ।

# इन्द्रजात्राको साइतः आज लिंगो उठाउन रुख काटिने

**काठमाडौं (प्रस)**– नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको इन्द्रजात्राका साइत सार्वजनिक गरेको छ । इन्द्रजात्रा पर्वको प्रक्रिया भाद्रपद शुक्ल द्वितीयादेखि सुरु हुन्छ ।

इन्द्रजात्राको लिंगो उठाउन रुख काट्न जानका लागि वन यात्रा गर्न जाने साइत आज भदौ २८ गते बिहान ९:५३ को रहेको समितिका अध्यक्ष एवं सहप्राडा पुरुषोत्तम भट्टराईले जानकारी दिए ।

रुख काट्ने साइत राति ८:४७ बजेको रहेको छ । भक्तपुरको चित्तपोल वनबाट इन्द्रध्वजाको लिंगो उठाउन रुख काट्ने परम्परा रहिआएको उनले जानकारी दिए । लिंगो नगर प्रवेश गराउने साइत असोज ३ गते शनिबार बिहान ८:०५ बजे रहेको समितिले जनाएको छ ।

इन्द्रध्वजोत्थानको साइत असोज ७ गते बुधबार बिहान ७:४७ बजे रहेको पनि सहप्राडा भट्टराईले बताए । यसैगरी, इन्द्रजात्राको मुख्य दिन असोज ९ गते शुक्रबार तल्लो टोलमा यात्रा गराइन्छ । यसैदिन राष्ट्रपतिलगायत अतिविशिष्ट व्यक्तित्वले हनुमानढोकास्थित गद्दी बैठक पुगी कुमारी यात्रा अवलोकन गर्ने परम्परा रहिआएको उनले उल्लेख गरे । असोज १० गते शनिबार माथिल्लो टोल यात्रा गराइने छ ।

असोज १३ गते मंगलबार महिलाले मात्र रथ तानेर नानीचा यात्रा गरिन्छ । यसै दिन राति ९:२५ बजे इन्द्रध्वजाको लिंगो ढाल्ने साइत रहेको समितिले जनाएको छ । लिंगो ढालेपछि राति नै राष्ट्राध्यक्षले कुमारी, गणेश र भैरवको दर्शन गरी प्रसाद ग्रहण गरेपछि १३ दिन लामो इन्द्रजात्रा समापन हुन्छ ।


**टिम भेन्चर्स लिमिटेडको**
**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

***(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२८)***

यस **टिम भेन्चर्स लिमिटेड**को मिति २०८३।०५।१५ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **तेस्रो वार्षिक साधारण सभा** देहायका विषयहरूउपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८३/०६/२० (तदनुसार ६ अक्टोबर, २०२६), मंगलबार ।**
**समय : दिउसो ४:०० बजे ।**
**स्थान : दुसिट प्रिन्सेस काठमाडौं, लाजिम्पाट, काठमाडौं ।**

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

१) आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/८३ को मुनाफा तथा मुनाफा कोषबाट शेयरधनीलाई हाल सम्म कायम चुक्ता पुँजीको २ प्रतिशतले हुने रकम रू. २,२७,९७,१२४.४२ (दुई करोड सत्ताइस लाख सन्तानब्बे हजार एक सय चौबिस रूपैँया बयालिस पैसा मात्र) नगद लाभांश (नगद लाभांश र बोनश शेयरको कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
४) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/८३ को मुनाफा तथा मुनाफा कोषबाट शेयरधनीलाई हाल सम्म कायम चुक्ता पुँजीको ३ प्रतिशतले हुने रकम रू ३,०२,१९,४४४/- (जीन करोड दुई लाख उन्नाइस हजार चार सय चवालिस रूपैँया मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२) कम्पनिको जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनहरू स्विकृत गर्ने सम्बन्धमा ।
३) प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारी अख्तियार प्रत्यायोजन गर्ने ।
५) सञ्चालक समितिबाट विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको निर्णयानुसार कम्पनी सचिव**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरू :** शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनिको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पुत्रका साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीयप्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउन भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाउँ काठमाडौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**अन्य जानकारीको लागि कम्पनिको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाउँ, माठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# दूरी घटाउने प्रधानमन्त्रीको कदम

सरकार र निजी क्षेत्रबीचको दूरी तन्किँदै गएको सन्दर्भमा प्रधानमन्त्री वालेन्द्र शाहले थालेको संवादको पहल सकारात्मक र स्वागतयोग्य छ । सुशासन कायम गर्ने सन्दर्भमा कानुन उल्लंघन गर्ने व्यवसायी तथा ढिलासुस्ती गर्ने ठेकेदारहरूमाथि निर्मम देखिएका प्रधानमन्त्रीले अन्ततः वार्ता र संवादको माध्यमबाट निजी क्षेत्रलाई विश्वासमा लिन अग्रसरता देखाउनु अर्थतन्त्रका लागि सुखद संकेत हो । प्रधानमन्त्री कार्यालयमा शुक्रबार उद्योगी–व्यवसायीहरूसँग भएको छलफलले आशाको किरण सञ्चार गरेको छ ।

राज्यका अनुसन्धान निकायहरूबाट हुने सम्भावित धरपकड, कानुनी अन्योलता र नीतिगत अस्पष्टताका कारण वालेन्द्र नेतृत्वको सरकार बनेयता निजी क्षेत्रको मनोबल खस्किएको यथार्थ हो । यस्तो संवेदनशील अवस्थामा मुलुकको कार्यकारी प्रमुख स्वयंले अग्रसरता लिएर व्यवसायीहरूका गुनासा र समस्या सुन्नु अनि उनीहरूलाई आश्वस्त पार्नु समयोचित कदम हो । निजी क्षेत्र अर्थतन्त्रको प्रमुख संवाहक भएकाले यस क्षेत्रको मनोबल खस्कँदा समग्र लगानीको वातावरण खलबलिन्छ ।

सरकारको मूल दायित्व नियमन र सुशासन कायम गर्नु हो भने निजी क्षेत्रको जिम्मेवारी कानुनको पालना गर्दै लगानी र रोजगारी सिर्जना गर्नु हो । त्यसैले, सुशासनका नाममा निजी क्षेत्रलाई तर्साउने नभई प्रोत्साहन गर्ने र गलत गर्नेलाई कानुनी दायरामा ल्याउने स्पष्ट नीति राज्यले लिनुपर्छ ।

मुलुकको समग्र अर्थतन्त्रमा निजी क्षेत्रको भूमिका केवल पूरकमात्र होइन, यो अर्थतन्त्रको मूल संवाहक वा मेरुदण्ड हो । मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा ८० प्रतिशतभन्दा बढी योगदान निजी क्षेत्रको छ । राष्ट्रिय अर्थतन्त्रमा कूल रोजगार सिर्जनाको झण्डै ८५ प्रतिशत हिस्सा ओगट्ने यस क्षेत्रले राज्यको राजस्व संकलनमासमेत सबैभन्दा ठूलो योगदान पुऱ्याउँदै आएको छ । बैंकिङ, पर्यटन, जलविद्युत्, दूरसञ्चार, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिजस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा निजी क्षेत्रको लगानी र उपस्थिति नहुने हो भने राज्य एक्लैले यी सबै क्षेत्र सञ्चालन गर्न असम्भवप्रायः छ । ५० खर्बभन्दा बढी रकम वित्तीय प्रणाली र विभिन्न निकायमा थुप्रिएर बसेको तर लगानीका लागि वातावरण तयार हुन नसकेको वर्तमान परिस्थितिमा निजी क्षेत्रलाई उत्साहित नबनाई मुलुकले आर्थिक वृद्धि हासिल गर्न सक्दैन ।

प्रधानमन्त्री र निजी क्षेत्रका प्रतिनिधिहरूबीच भएको छलफलमा व्यवसायीहरूलाई त्रसित पार्ने नभई समृद्धिको साझेदार बनाउने प्रतिबद्धता आउनु सुखद सुरुआत हो । विशेषगरी राष्ट्रघाती वा गम्भीर वित्तीय अपराधबाहेक सामान्य प्रणालीगत वा नीतिगत कमजोरीमा व्यवसायीलाई हतारमा थुन्ने र आतंकित पार्ने परिपाटी अन्त्य गरी जरिवाना वा सुधारको मौका दिने प्रतिबद्धताले लगानीकर्तालाई ठूलो सुरक्षाको अनुभूति गराएको छ ।

सरकार र निजी क्षेत्र एकापसका प्रतिस्पर्धी वा विरोधी होइनन्ह यी त एउटै आर्थिक रथका दुई पांग्रा हुन् । राज्यले अभिभावक र सहजकर्ताको भूमिका निर्वाह गर्दै लगानीमैत्री कानुन, पारदर्शी संयन्त्र र स्थिर नीतिको प्रत्याभूति गराउनुपर्छ भने निजी क्षेत्रले पनि नाफामुखीमात्र नभई सामाजिक उत्तरदायित्व, कर अनुशासन र सुशासनको पालना गर्नुपर्छ । प्रधानमन्त्री कार्यालयमा भएको दुई घण्टाको सकारात्मक संवाद केवल आश्वासन र बैठकमामात्र सीमित नभई तत्काल व्यवहारमा रूपान्तरित हुनुपर्छ ।

प्रधानमन्त्री शाहको यो अग्रसरता केवल एकपटकको औपचारिक भेटघाटमा मात्र सीमित नरहेर नीतिगत सुधार र दिगो सहकार्यको आधार बनोस् । सरकार र निजी क्षेत्रबीचको यो संवादले आगामी दिनमा अर्थतन्त्रलाई चलायमान बनाउन र लगानीमैत्री वातावरण निर्माण गर्न ठोस योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

# नेपालले पाउनुपर्ने जलवायु न्याय



❑ एकराज पाठक

> यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ । र, ठूला दाता राष्ट्र तथा निकायहरूको दया थप जाग्ला र सहायता थप बढ्ला । तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रूपमा लिन चाहन्छौं । बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ । प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसंघीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्नुहुने अपेक्षा छ ।

जलवायु परिवर्तनको गम्भीर प्रभावका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त त विश्वसामु छर्लंग नै छ । एकातर्फ जलवायु परिवर्तनका कारकका रूपमा योगदान नै नरहेको अर्थात् अति नगण्य रहेको भए पनि हामी बारम्बार जलवायुजन्य संकटमा परिरहेका छौं भने अर्कातर्फ हामी ती संकटसँग जुध्नका लागि पनि आवश्यक स्रोतको अभाव झेलिरहेका छौं । यो वास्तविकताको पछिल्लो उदाहरण नेपालले भोटेकोशीले निम्त्याएको पछिल्लो प्रलय पेस गर्दा पनि हुन्छ । किनभने हिमनदी बढेर होस् या हिमालमा बनेको हिमताल फुटेर आएको बाढीले अहिले रसुवा र नुवाकोटका कयौं बस्ती बढारेको मात्र नभएर ठूलो जनधनको क्षति गराएको छ । जसको प्रकृति र परिणामबारे विश्व नै जानकार छ । नेपाल यस्ता अकल्पनीय बाढी र त्यसले निम्त्याएका विपद्को चपेटामा पर्न थालेको केही वर्ष भयो, यो पनि सबैलाई थाहै छ ।

भोटेकोशीको पछिल्लो वितण्डाले एक हजार ३०० भन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी मानिस हराइरहेका छन् । यसलाई पछि जे जस्तो नाम या कारण दिइए पनि अहिले नै सबैको निष्कर्ष जलवायुजन्य विपद् नै हो र यसले अब हिमाली स्रोत भएर बग्ने नदी किनारका बस्तीहरूमा खतराको घण्टी बजाउन थालेको छ । भोलिका दिनमा यो खतरा बढ्दै जाने त्रास अब हाम्रा मन मस्तिष्कमा आउन थालिसकेको छ । यसअघि पनि हामीसँग यस्तो विपद्का कयौं उदाहरण छन् जसले हाम्रो जनधनमा ठूलो क्षति पुऱ्याएका छन् । दुई वर्षअघि असोजमा आएको अकल्पनीय वर्षा र बाढी होस् या सोलुखुम्बुको थामे गाउँ बगाएको दुर्घटना । अथवा २०६९ सालमा पोखराको सेतीनदीमा हिँउदको समयमा आएको बाढी नै किन नहोस् । अहिलेसम्मका अनुमान र अनुसन्धानबाट यी सबै जलवायुजन्य जटिलताले निम्त्याएका विपत्ति नै हुन् र जसले आफ्ना मात्रा र स्वरूप निरन्तर बढाउँदै छन् ।

भौगोलिक अवस्थिति र विकासको स्तरका कारण पनि नेपाल जलवायुजन्य जोखिममा रहेको छ । हाम्रा उच्च पहाड र हिमालहरूले प्राकृतिक रूपमा जलवायु सन्तुलन कायम गर्दै आएका छन्, अनि हाम्रा नदीहरूको स्रोतमा प्रायः हिमाल नै छ । अहिले आएर तिनै हिमाल एकातिर कालापत्थरमा परिणत हुँदै जाँदा हिमाली बस्ती संकटमा परेको छ भने त्यसका कारण ती हिमाल मुन्तिर बनेका हिमतालले नदी छेउछाउका बस्तीहरूको अस्तित्वमाथि धावा बोल्न थालेका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु संकट ज्यादै नराम्रोसँग भोगिरहेको बताएका थिए । उनले विश्वले बेलैमा नसोच्ने हो भने नेपाल र यस्तै हिमाली बस्तीहरूको भविष्य दिनप्रतिदिन खतरामा पर्दै जाने बताएका थिए ।

इसिमोडले केही समयअघि सार्वजनिक गरेको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिन्दकुश हिमालयन क्षेत्रका हिमनदीहरूले यो शताब्दीको अन्त्यसम्ममा अहिलेको भन्दा ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको छ । यसबाट उच्च पहाडी क्षेत्रमा बाढीपहिरो बढ्ने र पूर्वाधारमा क्षति पुग्ने खतरा छँदै छ । यस्तो अवस्था आएमा त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपालमाथि पर्ने छ । यस क्षेत्रमा हाम्रो अवस्थिति र भौगोलिक बनावट अरु देशकोभन्दा फरक छ र हाम्रा बस्तीहरू पनि नदी किनारहरूमा विस्तारित छन् । हाम्रो जलाशय अर्थात् नदी सभ्यताका कारण पनि हाम्रो अवस्थिति जोखिमपूर्ण नै छ । यसकारण पनि हाम्रा बस्ती र अवस्थितिमाथि आगामी दिनमा जलवायु परिवर्तनका जटिलताले धावा बोल्ने निश्चित नै देखिन्छ ।

पछिल्ला समयहरू यस्ता आउँदै जाने छन् कि जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य, स्वास्थ्य तथा शिक्षा, आवास, सरसफाइ र पानीको अधिकार प्राप्ति र उपभोगमा नै बाधा पुग्ने छ । यसका प्रारम्भिक संकेतहरू देखिँदै गएको तथा सबैभन्दा बढी आर्थिक र भौतिक क्षति व्यहोर्ने राष्ट्रको सूचीमा नेपाल अग्रपंक्तिमा सर्दै गएको देखिँदै छ । हिमनदी पग्लिने, हिमताल फुट्ने, अतिवृष्टि, अनावृष्टि, बेमौसमी बाढी, पहिरो, भूक्षय, खडेरीलगायतका मौसमी प्रकोपहरू भोलि झन् बढ्दै जाने देखिन्छ । तर पनि हाम्रो विडम्बना के छ भने यसरी हामीले भोगेका समस्या हाम्रा कारणबाट सिर्जित होइनन् । विकसित देशहरूले औद्योगिकीकरण तथा आधुनिक विकासका क्रममा उत्सर्जन गरेको हरितगृह ग्यासले विश्वको जलवायुमा पारेको असरबाट हामीमाथिको यो अवस्था सिर्जना भएको हो ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि नेपालजस्ता पहाडी तथा अतिकम विकसित मुलुक र साना टापु राष्ट्रहरूमा यसको विषम असर परिरहेको छ । कृषि उत्पादनमा ह्रस आउँदा प्रत्यक्ष मारमा नेपालको कृषि क्षेत्र परिरहेको छ । बीउबिजनको अभाव, समयमा वर्षा नहुने असमयमा हुने, अधिक वर्षा हुने, रैथाने बाली नास हुने, आधुनिक बालीलाई विषादी आदिको प्रयोगको बाध्यताका कारण बढ्दो रोगकिराको प्रकोपजस्ता समस्याको न्याय हामीले कहिले पाउने ? असमयमै आएको बाढीका कारण पोखराको सेती नदीबाट बाढीमा परेर बेपत्ता भएकाहरू हुन् या थामेमा आएको हिमपहिरोका पीडितहरूको पनि जलवायु न्याय पाउने अधिकारमाथि थपिएको छ भोटेकोशीको बाढी । यो बाढीले त हामीलाई यसरी थिचेको छ कि अझैसम्म क्षतिको आकलन नै गर्न सकिरहेका छैनौं । यस्तो अकल्पनीय क्षति व्यहोर्न बाध्य हाम्रो गल्ती के थियो र ?

कृषिकर्मबाट विस्थापित हुने अवस्था आएपछि देशका युवा उचित आम्दानीको स्रोत खोज्दै सहर पस्न तथा वैदेशिक रोजगारीमा जान बाध्य छन् । वातावरणीय विनाश र बढ्दो अनिश्चितताले युवाहरूमा बेरोजगारी र मानसिक तनाव बढ्दो छ । कति त वासस्थानबाटै पलायन हुन बाध्य छन् । कृषिकर्मप्रतिको अनाकर्षण बढ्दा खाद्यान्न अभाव र भोकमरी हाम्रो सन्निकट छ । हो, यो परिस्थितिका कारण अब हामीले विश्व समुदाय र सरोकारवालाहरूसँग न्याय माग्ने कामलाई तिरन्तर र सशक्त बनाउनुपर्ने छ । हामीले विश्व समुदायलाई भन्नुपर्ने छ कि पछिल्लो वातावरणीय र जलवायुजन्य जटिलतामा नेपालको हिस्सा र कारण के कति छ ? यदि छैन भने हामीलाई नखाएको विष किन लाग्ने ? यो बाध्यतालाई बहसका रूपमा अब हामीले सशक्तरूपमा विश्व समुदायसँग नै कूटनीतिक माध्यमबाट उठाउनुपर्छ ।

यसै परिप्रेक्षमा नेपालले दुई वर्षअघि जलवायु परिवर्तनमा राष्ट्रहरूको दायित्वका सम्बन्धमा नेदरल्याण्डस्को हेगस्थित संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो अडान राखेको पनि थियो । जलवायु परिवर्तनमा आफ्नो कुनै योगदान नभएको भए पनि बिनाकारण हामीले मार खानुपरेको अवस्थाबारे नेपालका तर्फबाट तत्कालीन परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले राखेकी थिइन् । त्यस अवसरमा उनले नेपालजस्ता पर्वतीय एवं हिमाली राष्ट्रहरूले जलवायु न्याय पाउनुपर्ने विषयमा नेपालको माग जोडतोडका साथ राखेकी थिइन् । प्रत्येक वर्ष हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलनलगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपालले निरन्तर जलवायु परिवर्तन, यसका असर र सोको न्यायका विषयमा आवाज उठाइरहेकै छ । जलवायु परिवर्तनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सहयोगहरू साथै अघिल्लो वर्षदेखि सञ्चालनमा आएको 'लस एण्ड डचामेज फण्ड' लगायतबाट नेपालजस्ता मुलुकहरूले ऋण नभई अनुदान सहायता पाउनुपर्ने नेपालको माग छँदै छ । यसका लागि नेपालले जलावायु कूटनीतिलाई सशक्त बनाउनुपर्छ ।

प्रधानमन्त्री वालेन्द्र शाह राष्ट्रसंघीय महासभामा सहभागी हुने कुराले पनि नेपालले पाउनुपर्ने जलवायु न्यायको आवाज थप बुलन्द हुने अपेक्षा गरिएको छ । एकातर्फ हामी जलवायुजन्य जटिलताको चपेटामा परिरहने र अर्कातर्फ त्यसको समाधान र क्षतिपूर्तिका लागि न्यूनतम स्रोतको अभाव झेलिरहनुपर्ने दोहोरो मारमा हामी रहेको तथ्य प्रधानमन्त्री शाहले विश्व समुदायसँग जोडतोडका साथ उठाउनुपर्दछ ।

यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ । र, ठूला दाता राष्ट्र तथा निकायहरूको दया थप जाग्ला र सहायता थप बढ्ला । तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रूपमा लिन चाहन्छौं । बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ । प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसंघीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्नुहुने अपेक्षा छ । जसका लागि जलवायु कूटनीतिलाई थप सशक्त र परिणाममुखी बनाउनु पनि जरुरी छ । *रासस*

# जलविद्युत्मा क्षति: भोटेकोशी बाढीभन्दा घातक भ्रष्ट प्रणाली



❑ मोहनकुमार दाहाल

भोटेकोशी नदीमा आएको भीषण बाढीले रसुवा र नुवाकोट जिल्लामा गरी कम्तीमा १३ वटा जलविद्युत् आयोजना र प्रसारण पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ । सञ्चालनमा रहेका र निर्माणाधीन गरी कूल ६६९ मेगावाटभन्दा बढी क्षमताका आयोजना प्रभावित भएका छन् । यसमा २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, १११ मेगावाटको रसुवागढी, १२० मेगावाटको रसुवा-भोटेकोशी, ६० मेगावाटको माथिल्लो त्रिशूली-३ ए, ३७ मेगावाटको माथिल्लो त्रिशूली-३ बी, २२ मेगावाटको चिलिमे, २० मेगावाटको लाङटाङ खोला, पाँच मेगावाटको मैलुङ खोला, २४ मेगावाटको त्रिशूली, १४.१ मेगावाटको देवीघाटलगायतका आयोजना छन् ।

प्रसारणतर्फ त्रिशूली २२० केभी ३बी हब सबस्टेसन पूर्णरूपमा ध्वस्त भएको छ । १३२ केभी, ६६ केभी र २२० केभीका धेरै प्रसारणलाइन र टावरहरू क्षतिग्रस्त भएका छन् । इप्पानका अनुसार बाढीबाट ९०९ जना कामदार सम्पर्कविहीन भएका छन्, जसमा विदेशी नागरिक पनि छन् । नेपाल विद्युत् प्राधिकरणले यो क्षति सयौं अर्ब रूपैयाँ पुग्न सक्ने प्रारम्भिक अनुमान गरेको छ ।

तर यो क्षतिको कथामात्र होइन । यसले नेपालको जलविद्युत् क्षेत्रको पुरानो र गहिरो समस्या उजागर गरेको छ । नेपालमा ८३ हजार मेगावाटको सैद्धान्तिक जलविद्युत् सम्भावना छ, जसमध्ये ४३ हजार मेगावाट आर्थिकरूपमा व्यवहार्य मानिन्छ । तर २०२५ जुलाईसम्ममा जम्मा तीन हजार ३८८ मेगावाट क्षमताका १७५ आयोजनामात्र सञ्चालनमा छन् । यो तथ्यले एउटा निर्मम सत्य देखाउँछ- दशकौंको राजनीतिक अस्थिरता, भ्रष्टाचार र कमिसनखोरीले नेपालको जलविद्युत् सम्भावनालाई कसरी बन्धक बनाएको छ ।

आर्थिकरूपमा व्यवहार्य ४३ हजार मेगावाटमध्ये जम्मा तीन हजार ३८८ मेगावाट मात्र निर्माण हुनु भनेको यो क्षेत्रमा केही गम्भीर बाधा छ भन्ने प्रमाण हो । यी बाधाहरू प्राकृतिक होइनन्, मानव निर्मित हुन् । एउटा स्पष्ट उदाहरण हेरौं- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०२५ मे ७ मा धितोपत्र बोर्ड (सेबोन) मा छापा मारेर ८९ वटा जलविद्युत् कम्पनीका आइपिओ फाइल जफत गरेको थियो । जलविद्युत् प्रवर्द्धकहरूले सेबोनका उच्च अधिकारीहरूले आइपिओ स्वीकृतिका लागि पाँचदेखि सात प्रतिशतसम्म कमिसन माग गरेको आरोप लगाएका थिए । इप्पान अध्यक्ष गणेश कार्कीले यो आरोप सार्वजनिकरूपमा लगाएका थिए । संसद्मासमेत यो विषय उठेको थियो । यो त एउटा उदाहरणमात्र हो- लाइसेन्स, वातावरणीय स्वीकृति, जग्गा अधिग्रहण, प्रसारणलाइन जोड्ने अनुमति, हरेक चरणमा यस्तै सेटिङ र कमिसनको जालो बुनिन्छ भन्ने आरोप दशकौंदेखि लाग्दै आएको छ ।

प्रश्न यो होइन कि बाढीले कति आयोजना बगायो । प्रश्न यो हो कि यो भ्रष्ट प्रणालीले कति आयोजना जन्मिनै नदिई मारिसकेको छ । यदि लाइसेन्स लिन घुस खुवाउन नपरेको भए, हरेक कदममा सेटिङ र कमिसनको जालो नबुन्नुपरेको भए र इमानदार व्यवसायीलाई काम गर्ने वातावरण दिइएको भए, आज बाढीले बगाएका १२ होइन, त्यसको धेरै गुणा बढी आयोजना निर्माण भइसकेका हुन्थे । ती आयोजनाले देशलाई ऊर्जामा आत्मनिर्भर बनाउनुका साथै भारत र बंगलादेशमा विद्युत् निर्यात गरेर अर्बौं रूपैयाँ आम्दानी दिन्थे । तर त्यो भएन । किनभने जलविद्युत् क्षेत्रलाई ऊर्जा उत्पादनको माध्यम होइन, धन कमाउने माध्यमका रूपमा हेरियो ।

बाढी प्राकृतिक विपत्ति हो । यसलाई रोक्न सकिँदैन, तर यसको क्षति न्यूनीकरण गर्न सकिन्छ । जलवायु परिवर्तनसँगै यस्ता चरम मौसमी घटनाहरू बढ्दै गएका छन् । त्यसैले जलविद्युत् आयोजनाको डिजाइन, निर्माण र सञ्चालनमा जलवायु-अनुकूलनका उपाय अनिवार्य छन् । तर विकासलाई रोक्ने घुस, सेटिङ र कमिसन भने मानव निर्मित अपराध हुन्, जसलाई रोक्न सकिन्छ र रोक्नैपर्छ । जब देशको ऊर्जा नीति कमिसनको आधारमा बन्छ, जब आयोजना छनोट राजनीतिक नातेदारीका आधारमा हुन्छ, जब नियामक निकायहरू नै कमिसन माग्ने थलो बन्छन् तब देशको सम्भावना बग्छ, जनताको भविष्य बग्छ ।

अहिलेको सरकारसँग जनताको अपेक्षा स्पष्ट छ- घुस, राजनीतिक सेटिङ र कमिसनको जालो तोडेर पारदर्शी, निष्पक्ष र जनमुखी शासन स्थापित गरियोस् । जुन काममा सरकार जिम्मेवार भएर लागिरहेको देखिन्छ । प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा सरकारले १०० बुँदे सुधार एजेण्डा अघि सारेको छ, जसमा राष्ट्रिय गौरवका आयोजनाहरूको पुनरवलोकन पनि समावेश छ । ऊर्जा रणनीतिअनुसार आगामी दशकमा २४ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ । यी लक्ष्य महत्त्वाकांक्षी छन्, तर तिनको सफलता भर पर्छ पारदर्शिता र जवाफदेहितामा । यदि पुरानै घुस, सेटिङ र कमिसनको संस्कृति कायम रह्यो भने २४ हजार ५०० मेगावाटको लक्ष्य कागजमै सीमित रहने छ र अर्को बाढीले फेरि अर्को कथा लेख्ने छ ।

'बाढी आयो, विकास देखियो' भनेर जनतालाई कथा सुनाउने पुराना असक्षम नेताहरूले एउटा कुरा बुझ्नुपर्छ- बाढीले बगाएका आयोजनाको हिसाब दिनुअघि उनीहरूले आफ्नै भ्रष्ट प्रणालीले कति आयोजना जन्मिनै नदिई मारिसकेको थियो ? त्यसको जवाफ दिनुपर्छ ।

देशको सम्भावना बगाउने काम बाढीले गरेको होइन, दशकौंदेखिको भ्रष्टाचार, कमिसनखोरी र राजनीतिक दलालीले गरेको हो । अब त्यो युगको अन्त्य हुनुपर्छ । नेपालको जलविद्युत् सम्भावना नेपाली जनताको सम्पत्ति हो, केही नेताको कमाइको स्रोत होइन । जबसम्म यो सत्य बुझिँदैन, तबसम्म बाढी आउँदा जलविद्युत् बग्छ, र सत्ता फेरिँदा विकासको सपना बग्छ ।



**संगिनानाच प्रस्तुत** | ओखलढुंगाको मानेभञ्ज्याङस्थित माथिल्लो टुँडिखेलमा शनिबार तीजको अवसरमा आयोजित कार्यक्रममा संगिनानाच प्रस्तुत गर्दै स्थानीय महिला । *तस्बिरः रासस*

# भूकम्पपछि लोमान्थाङका स्थानीय र विद्यार्थीको बास त्रिपालमुनि

**मुस्ताङ–** यही भदौ २३ गते रातिको भूकम्पपछि उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका स्थानीय, शिक्षक र विद्यार्थी त्रिपालमुनि रात काट्न बाध्य भएका छन् । लोमान्थाङ केन्द्रबिन्दु भएर गएको ५.३ म्याग्निच्युडको भूकम्पको धक्काले लोमान्थाङका ८० प्रतिशत घर चर्किएका छन् ।

लोमान्थाङको दिव्यदीप स्कुलको विद्यार्थी छात्रावासको भवन तथा शिक्षक आवास पनि भूकम्पले चर्किएपछि बस्नै नमिल्ने भएको हो । लोमान्थाङ गाउँपालिकामा भूकम्पले सामान्य क्षति पुऱ्याए पनि पालिकाका अन्य चार वडामा स्थानीयका अधिकांश घर बस्नै नमिल्नेगरी मध्यम तथा पूर्णरूपमा क्षति भएका गाउँपालिका कार्यालयले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले भदौ २३ गते रातिको भूकम्पले पालिकाभित्रका स्थानीयका ढुंगा र माटोले निर्मित ८० प्रतिशत घरमा क्षति पुगेको बताए । उनका अनुसार भूकम्पले अधिकांश घर चर्किएका छन् भने करिब ६० घर बस्नै नमिल्ने गरी क्षतिग्रस्त भएको छन् । अध्यक्ष गुरुङले भूकम्पपछि पनि पटक-पटक परकम्पको असर परिरहेको बताए । भूकम्पले स्थानीयका घर र विद्यालय चर्किनुका साथै मानवीय क्षति नभए पनि जोखिम भने बढेको उनले बताए । जोखिम अझै कायम रहेकाले क्षति भएका घरका स्थानीय, विद्यालयका शिक्षक तथा विद्यार्थी खुलाचौरमा त्रिपाल टाँगेर बस्न बाध्य भएका उनले जानकारी दिए ।

> लोमान्थाङको दिव्यदीप स्कुलको विद्यार्थी छात्रावासको भवन तथा शिक्षक आवास पनि भूकम्पले चर्किएपछि बस्नै नमिल्ने भएको हो । लोमान्थाङ गाउँपालिकामा भूकम्पले सामान्य क्षति पुऱ्याए पनि पालिकाका अन्य चार वडामा स्थानीयका अधिकांश घर बस्नै नमिल्नेगरी मध्यम तथा पूर्णरूपमा क्षति भएको छ ।

भूकम्पप्रभावित स्थानीय र विद्यालयका लागि वैकल्पिकरूपमा स्थानीयस्तरबाटै आवश्यक व्यवस्था मिलाइएको बताउँदै पालिका स्वयं पनि त्रिपाल खरिद गर्ने प्रक्रियामा रहेको अध्यक्ष गुरुङले जानकारी दिए । गाउँपालिकाले भूकम्पको क्षति लगत संकलन गरिरहेकाले पूर्ण क्षतिको विवरण आउन केही समय लाग्ने जनाइएको छ ।

भूकम्पले सबैभन्दा क्षति लोमान्थाङ-३ फुवा गाउँमा परेको छ । फुवामा करिब ५०० बढी घर बस्न नमिल्नेगरी पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । अन्य वडाहरूमा पनि भूकम्पको असरले अधिकांश घरहरू चर्किएर धुजा परेका स्थानीय बताउँछन् ।

भूकम्पप्रभावित नागरिकले सरकारले भूकम्पपीडितका लागि पुनःस्थापना तथा पुनर्निर्माणमा सहयोग गर्नुपर्ने माग गरेका छन् । उक्त भूकम्पले विद्यालयको छात्रावास भवन, शिक्षक आवास र भण्डारणका भवनमा क्षति पुगेको दिव्यदीप माध्यमिक विद्यालयका प्रधानाध्यापक कमलेसकुमार त्रिपाटीले जानकारी दिए । विद्यालयको दुई तलाको ३४ कोठे ढुंगा र माटोले बनेका छात्राबासको अधिकांश भाग चर्किएका उनले उल्लेख गरे ।

कूल ८४ जना विद्यार्थी रहेको उक्त विद्यालयमा भूकम्पपछि विद्यार्थी र शिक्षकहरू कक्षा कोठा र त्रिपालमुनि रात बिताइरहेका प्रधानाध्यापक त्रिपाटीले जानकारी दिए । भूकम्पले विद्यालय तथा आवासमा क्षति पुऱ्याएपछि नियमित शैक्षिक पठनपाठनमा समस्या परिरहेको उनले बताए । भूकम्पपछि लोमान्थाङ गाउँपालिकासहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र एक्याप लोमान्थाङलगायतको टोलीले क्षति विवरण संकलन गरिहेको छ । प्रभावित क्षेत्रका नागरिक तथा विद्यालयको पुनर्स्थापना तथा अन्य सहयोगका लागि सुरक्षाकर्मीसहितको टोली खटिएका छन् । भूकम्पले लोमान्थाङमा रहेको छोदे गुम्बाको पर्खाल भत्किएको छ भने ऐतिहासिक लोमान्थाङ दरबारसमेत चर्किएको छ ।

यसैबीच शुक्रबार जिल्ला समन्वय समिति मुस्ताङको एक टोलीले भूकम्पप्रभावित लोमान्थाङ गाउँपालिकाको स्थलगत निरीक्षण तथा क्षति विवरण संकलन गरेको छ । जिल्ला समन्वय समितिकी प्रमुख माया गुरुङ, समन्वय अधिकारी घनश्याम सुवेदी, इन्जिनियर डबल तामाङलगायतको टोली भूकम्पप्रभावित गाउँमा पुगेर स्थानीयको समस्या बुझ्ने प्रयास गरिएको छ । लोमान्थाङमा फेरि पनि भूकम्प आउने डरले स्थानीयहरू त्रासमा छन् । *रासस*

# विदुरमा नेपाल प्रहरीको अस्थायी अस्पताल सञ्चालनमा

**त्रिशूली (नुवाकोट)–** भोटेकोशी नदीमा आएको बाढीपश्चात् उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै नेपाल प्रहरी अस्पताल महाराजगञ्जले नुवाकोटमा पाँच शयचाको अस्थायी फिल्ड अस्पताल सञ्चालनमा ल्याएको छ ।

त्रिशूली नदीको बाढीले त्रिशूली अस्पतालसँगको सम्पर्क विच्छेद भइरहेको समयमा बाढीपश्चात् फैलन सक्ने रोगको संक्रमण नियन्त्रणलाई मध्यनजर गर्दै नेपाल प्रहरीले पाँच शयचाको लेभल-१ अस्पताल विदुरमा सञ्चालनमा ल्याएको हो ।

अस्पतालबाट विशेषज्ञ चिकित्सकमार्फत चौबिसै घण्टा आकस्मिक सेवासहित बहिरंग (ओपिडी), वार्ड, प्रयोगशाला, औषधिलगायत सुविधा आमसर्वसाधारणले निःशुल्क पाउने व्यवस्था मिलाएको प्रहरी अस्पतालमा कार्यरत प्रहरी नायब महानिरीक्षक दामोदर पौडेलले जानकारी दिए । उनका अनुसार भोटेकोशी हुँदा त्रिशूली नदीमा आएको बाढीका कारण मानवीय र पशुचौपाय क्षतिपश्चात् फैलनसक्ने संक्रमणजन्य रोग नियन्त्रणलाई केन्द्रित गर्दै फिल्ड अस्पताल सञ्चालनमा ल्याइएको हो ।

'बाढीपछि उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई दृष्टिगत गर्दै स्वास्थ्य उपचारका लागि प्रहरीले विशेषज्ञ जनशक्ति, आवश्यक यन्त्र-उपकरणसहित औषधि सेवा निःशुल्क उपलब्ध गराएको छ,' प्रहरी नायब महानिरीक्षक पौडेलले भने, 'बाढीले पुल बगाएकाले त्रिशूली अस्पतालको सेवा लिन रसुवा, नुवाकोट तथा त्रिशूलीका बासिन्दालाई कठिनाइ भइरहेको छ । स्वास्थ्यमा सानो समस्या देखिए उपचार गराउन अन्यत्र जिल्ला जानुपर्ने बाध्यता बनेकाले विशेषज्ञसहितको सेवा उपलब्ध गराउन विदुरमा फिल्ड अस्पताल सञ्चालन गरिएको हो ।'

विपद्पछिको अवस्थामा सरुवाजन्य रोगको संक्रमणको जोखिम उच्च रहेकाले सावधानी अपनाउन अपिल गरिएको छ । त्यस्तै, मानसिक स्वास्थ्यसम्बन्धी समस्यालाई पहिचान गरेर उपचार गर्नु प्रमुख चुनौती भएकाले मनोपरामर्शसहितको स्वास्थ्य सेवालाई प्रहरीको फिल्ड अस्पतालले प्राथमिकता दिएको छ ।

होल्डिङ सेन्टरको बसाइँमा फरक-फरक बस्तीका बासिन्दा एकैठाउँमा भेला हुँदा रोगको संक्रमण फैलनसक्ने भएकाले सावधानी अपनाउनका लागि स्वास्थ्यकर्मीमार्फत सचेत गराउँदै आइरहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख एवं प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिए । उनका अनुसार शव र सिनुको दुर्गन्ध, प्रदूषित पानी, प्रतिकूल मौसमका कारण हैजा फैलने जोखिम रहेकाले त्यसलाई केन्द्रित गरेर प्रहरीको फिल्ड अस्पतालमा विशेषज्ञ चिकित्सक र आवश्यक औषधि उपलब्ध गराइएको छ ।

'विपद्पश्चात्को समयमा प्रभावितलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या प्रमुख चुनौती मानिन्छ,' प्रहरी उपरीक्षक रेग्मीले भने, 'स्वास्थ्यसम्बन्धी देखिएका शारीरिक समस्यामात्र नभई उनीहरूको मानसिक अवस्थामा पुगेको अज्ञात प्रभावलाई नजिकबाट बुझेर समस्यालाई समाधान गराउन अस्पतालले जोड दिने छ ।'

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको कारण हराइरहेका व्यक्ति तथा भेट्टिएका बेवारिसे शव पहिचान गर्न प्रहरीले फिल्ड अस्पतालको परिसरमा डिएनए परीक्षण सेवा पनि सञ्चालनमा ल्याएको छ । बाढीमा परेर हराएका व्यक्तिको परिवारको सदस्यको नमूना संकलन गर्न नेपाल प्रहरीले यसअघि काठमाडौं पुग्नुपर्ने बाध्यता हटाई विदुरमा सम्पर्क केन्द्र सञ्चालनमा ल्याएको हो । बाढीमा परेर परिवारका सदस्य हराइरहेको भएमा डिएनए उपलब्ध गराउन सम्बन्धित परिवारलाई प्रहरीले अनुरोध गरेको छ । *रासस*

# जलविद्युत् आयोजनामा कार्यरतका आफन्त भन्छन्- न सास भेटचो न लास

■ **हिमाल लम्साल**

**रसुवा–** जुल्लाको गुठीचौर गाउँपालिका-१ चोथ्राका सर्पसिंह महतारा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा श्रमिकका रूपमा कार्यरत आफ्ना दुई जना भाइहरूको खोजीका लागि ११ दिनसम्म रसुवाको धुञ्चे आसपासमा भौतारिरहे । उनी भदौ १३ गते नुवाकोटको त्रिशूलीबाट हिँडेर आफ्ना भाइहरूको खोजीका लागि रसुवाको सदरमुकाम धुञ्चे पुगे ।

तर, ११ दिनसम्म धुञ्चे र माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको वरपर खोजी गर्दा पनि भाइहरू दिनेश महतारा र अंगद बुढाको कुनै पनि खबर प्राप्त नभएपछि महतारा निकै निराश छन् । '११ दिन रसुवा आसपासमा नै बसेर भाइहरूको खोजीमा जुटिरहचौं । तर, कहीँकतै पनि आफ्नो भाइहरूको बारेमा खबर पाउन सकेनौं,' उनले भने, 'आफन्तको न सास भेटचो न त लास । यो पीडाले मन निकै भक्कानिरहेको छ ।'

आफन्त महताराले जलविद्युत् आयोजनाको सुरुङमार्गबाट चिनियाँ नागरिकको उद्धार भएपछि हाम्रो आफन्त पनि सकुशल फर्किएलान् भन्ने आशा बढे पनि अहिले भने आफूमा निराशा छाएको बताए । 'सुरुङबाट चिनियाँ नागरिकको उद्धार भएपछि त हाम्रा भाइहरू पनि सकुशल भेटिएलान् भन्ने निकै आशावादी भएका थियौं,' उनले भने, 'अब भाइहरू बाँचेर आउने आशा पनि मरिसक्यो । अब घरमा परिवारलाई के भन्ने होला ?'

उनीमात्रै होइन, जुम्लाको पातारासी गाउँपालिकाबाट कालीबहादुर बोहरा पनि आफ्नो भतिज कुमार बोहराको खोजीका लागि रसुवा आसपास क्षेत्रमा धेरै दिनसम्म भौतारिरहे । 'हामी त भतिज कुमार पक्कै भेट्टिएलान् भनेर नै त्रिशूलीदेखि हिँडेर धुञ्चेसम्म आइपुगेका थियौं । ११ दिनसम्म यहाँ वरपर खोजी गर्दा पनि नभेट्टिएपछि अमिलो मन लिएर फर्किन बाध्य छौं,' उनले भने, 'माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले अपेक्षाकृत ढंगले खोजी नगर्दा पनि आफन्तको न सास पायौं न त लास नै ।'

बाढीपछि बेपत्ता भएका आफन्तहरूको खोजीका लागि रसुवा पुगेका महतारा र बोहरा आफन्तको कुनै पनि खबर नपाएपछि यही भदौ २५ गते नेपाली सेनाको हेलिकप्टरमार्फत त्रिशूली फर्किएका छन् । जुम्लाको पातारासी गाउँपालिका ४९ र गुठीचौर गाउँपालिकाका नौ गरी ५८ जना सम्पर्कविहीन भएका छन् । यी ५८ जना माथिल्लो त्रिशूली-ए जलविद्युत् आयोजनाबाट सम्पर्कविहीन भएका बोहराले बताए । बेपत्ताका परिवारले कम्पनीको तर्फबाट सम्पर्कविहीन भइरहेका कामदारको खोजीमा प्रभावकारी ढंगले काम हुन नसकेको गुनासो गरेका छन् ।

भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीको कारणले २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत ५३८ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन अझै पनि छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अनुसार सो आयोजनाबाट ८७८ जना सकुशल उद्धार र सात जनाको शव भेट्टाइएको छ ।

इप्पानका अनुसार सम्पर्कविहीन हुनेमा नौ जना कोरियन नागरिक, ३४ चिनियाँ नागरिक र ५० भारतीय नागरिक र बाँकी सबै नेपाली नागरिक छन् । सो आयोजनामा कूल एक हजार ४३३ जना कार्यरत रहेका थिए । माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालि हो । आयोजनाको मुख्य सिभिल संरचना निर्माणको ठेक्का पाएको सहायक ठेकेदार कम्पनी पावर चाइनाका ३८५ जना सम्पर्कविहीन भएका छन् ।

त्यसैगरी, हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना सम्पर्कविहीन रहेका छन् । नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिका १५, परामर्शदाता कम्पनी जेड कन्सल्टका सात, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ५६ जना अहिलेसम्म पनि सम्पर्कविहीन रहेका इप्पानले जनाएको छ ।

कम्पनीका अनुसार माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट भने ८७८ जनाको उद्धार गरिएको छ । यो आयोजना रसुवा जिल्लाको आमाछोदिंमो गाउँपालिका-१ हाकु क्षेत्र तथा उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन अवस्थामा रहेको थियो । यो आयोजना २०८४ साउनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

कम्पनीका अनुसार बाढीले आयोजनाको निर्माण सम्पन्न हुन लागेको बाँधलगायतका संरचना (हेडवर्क्स) र कार्यालय तथा आवास क्षेत्र पूर्णरूपमा बगाएको छ । बाढी आउनुअघि पूर्वसूचना जारी गरिएको भए पनि अत्यन्त छोटो समयमा ठूलो बाढी तथा लेदो आयोजनास्थलमा प्रवेश गरेका कारण निर्माणस्थल तथा कार्यालयमा कार्यरत अधिकांश कर्मचारी तथा श्रमिक सुरक्षित स्थानतर्फ जान नसकेको कम्पनीले जनाएको छ । *रासस*

# बाढीप्रभावित क्षेत्रमा अहमदिया संघ र ह्युम्यानिटी फर्स्टको राहत कार्यक्रम

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अहमदिया संघ नेपाल र ह्युम्यानिटी फर्स्ट इन्टरनेसनलले नुवाकोट र धादिङका बाढीप्रभावित क्षेत्रमा साताव्यापी राहत वितरण तथा स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न गरेका छन् ।

यही भदौ १८ देखि २५ गतेसम्म सञ्चालित उक्त कार्यक्रमबाट सयौं पीडित परिवार लाभान्वित भएका अहमदिया संघले जानकारी दिएको छ । कार्यक्रमअन्तर्गत नुवाकोटको विदुर नगरपालिकास्थित त्रिशूली बजार, ढुंगे र देवीघाटका साथै धादिङको गल्छी र गजुरीमा खाद्य सामग्री, घरायसी सामान र मेडिकल किटहरू वितरण गरिएको छ ।

संघले प्रभावित क्षेत्रहरूमा २०० परिवारका लागि खाद्यान्न सामग्री, घरायसी सामग्री र मेडिकल किट वितरण गरिएको जनाएको छ ।

सामग्री वितरणका अलावा धादिङको गल्छीमा एकदिने होमियोप्याथिक र एकदिने सामान्य एलोपेथिक स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । त्यस्तै, गजुरीमा एक दिने भोजन वितरण शिविर र नुवाकोटको त्रिशूली बजार तथा ढुंगे क्षेत्रमा अहमदिया संघका युवाहरूले दुई दिन श्रमदान गरी बाढीप्रभावित



घर र बाटोहरूको सरसफाइ गरेका थिए ।

राहत कार्यक्रमकै अवसरमा आयोजक संस्थाहरूका तर्फबाट प्रधानमन्त्री राहत कोषमा छ लाख रूपैयाँ जम्मा गरिएको पनि संघले जानकारी दिएको छ । उक्त रकमबराबरको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको हो ।

धादिङमा आयोजित कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद आशिका तामाङ, प्रहरी कार्यालय गजुरीका डिएसपी सुरज कार्की तथा स्थानीय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

उक्त राहत अभियान अहमदिया संघ नेपालका अध्यक्ष कमरुल होदा, निर्देशक मुईन अहमद र ह्युम्यानिटी फर्स्ट इन्टरनेसनलका अगुवा अजहर अहमद खादिमको नेतृत्वमा सम्पन्न भएको संघले उल्लेख गरेको छ । अभियानमा भारतको पञ्जाबबाट आएका डा. बदर (होमियोप्याथ) र उनको टिम, काठमाडौं जिल्ला इञ्चार्ज हासिम अहमद, युवा समाजका अध्यक्ष नईम अहमद तथा नासिर अहमद काहलोनसहितको युवा टिमले सक्रिय योगदान पुऱ्याएका थिए ।

Importer: Evergreen General Trading Pvt Ltd
Chobhar, Kathmandu, Nepal
Contact: +977 98023561077, +977 9852041927
Feidi Electric Truck MRP List

FEIDI

| Product Name | No of Seats | Range (NEDC) | Battery (kWH) | Made | MRP (NPRs)/Unit |
|---|---|---|---|---|---|
| Aochi-3800-Chassis | 2 | 275 KM | 100.27 | China | 8,200,000.00 |
| Aochi-4500-Chassis | 2 | 275 KM | 100.27 | China | 8,400,000.00 |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०१००० | प्रति तोला – ० | प्रति तोला – ४६०० |




**जुम्लाको स्याउ राजधानीमा...** | सिंहदरबार–भद्रकाली पुलमुनि बिक्रीका लागि राखिएको जुम्लाको स्याउ । पछिल्ला केही वर्षदेखि जुम्लामा उत्पादित स्याउ कतिपय किसान र सहकारीले राजधानीमा ल्याएर बिक्री गर्दै आएका छन् । *तस्विरः रासस*

# बाढीले विभिन्न बैंकका १७ शाखा प्रभावित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवाको भोटेकोशीमा यही भदौ १० गते आएको बाढीका कारण १२ वटा बैंकका १७ वटा शाखा प्रभावित भएका छन् । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र आवश्यकता मूल्यांकन (आरडिएनए) प्रतिवेदनअनुसार रु ७२ दशमलव चार करोड बराबरको क्षति भएको छ ।

जसमध्ये सबैभन्दा बढी कृषि विकास बैंकमा भएको छ । बैंकको एउटा शाखा रु ६५ करोड क्षति भएको छ । प्राधिकरणका अनुसार सिटिजन बैंकको एउटा शाखा प्रभावित हुँदा रु एक करोड ५६ लाखको क्षति भएको छ ।

ग्लोबल आइएमई बैंकको एउटा शाखा प्रभावित हुँदा रु ११ लाखको क्षति भएको छ । हिमालय बैंकको एउटा शाखा प्रभावित हुँदा रु ७५ लाखको क्षति भएको छ । लक्ष्मी सनराइज बैंकको एउटा शाखा प्रभावित हुँदा रु एक करोड १२ लाखको क्षति भएको छ ।

> राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र आवश्यकता मूल्यांकन (आरडिएनए) प्रतिवेदनअनुसार रु ७२ दशमलव चार करोड बराबरको क्षति भएको छ ।

माछापुच्छ्रे बैंकको एउटा शाखा प्रभावित हुँदा रु ७५ लाख तथा नबिल बैंकको एउटा शाखा प्रभावित हुँदा रु ६३ लाखको क्षति भएको छ । एनआइसी एसिया बैंकका तीन वटा शाखा प्रभावित हुँदा रु ८८ लाख र नेपाल इन्भेष्टमेन्ट बैंकका तीन वटा शाखा प्रभावित हुँदा रु ४० लाखको क्षति भएको छ ।

त्यसैगरी एनएमबी बैंकको एउटा शाखा प्रभावित हुँदा रु चार लाखको क्षति भएको छ । प्रभु बैंकका दुई वटा शाखा प्रभावित हुँदा रु ५३ लाखको क्षति भएको छ भने सानिमा बैंकको एउटा शाखा प्रभावित हुँदा रु ६३ लाखको क्षति भएको छ ।

प्रतिवेदनअनुसार बाढी प्रभावित क्षेत्रमा बैंक तथा वित्तीय सेवामा क्षति पुगेको छ । नुवाकोटको विदुर नगरपालिकामा बैंकका चार वटा शाखामा रु ६७ करोड १३ लाखको क्षति भएको छ । रसुवाको गोसाइकुण्ड गाउँपालिकामा ११ वटा शाखामा रु चार करोड २३ लाख, रसुवाकै कालिका गाउँपालिकामा एउटा शाखामा रु २८ लाख, सोही जिल्लाको उत्तरगयामा एउटा बैंकको एउटा शाखा प्रभावित हुँदा रु ७५ लाखको क्षति भएको छ ।

उक्त रकमबाहेक पनि छुट्टै रु १९ करोड ५९ लाख क्षति भएको देखिएको छ । प्रतिवेदनअनुसार नुवाकोटको विदुरमा रु छ करोड ४० लाख, रसुवाको गोसाइँकुण्डमा रु नौ करोड ५३ लााख, कालिका गाउँपालिकामा रु ७९ लाख र उत्तरगया गाउँपालिकामा रु तीन करोड २३ लाखको क्षति भएको छ ।

# 'नेपाललाई समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्छ'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बेलायती सञ्चारकर्मी, ट्राभल लेखिका तथा अपांगता अधिकार अभियन्ता सोफी मोर्गनले नेपाललाई समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिएकी छिन् । नेपालमा प्रशस्त पर्यटकीय सम्भावनायुक्त गन्तव्य भएकाले समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सरोकार भएका निकायबीच थप सहकार्य, भरपर्दो सूचना र पहुँचयोग्य पूर्वाधार आवश्यक रहेको बताइन् ।

नेपाल पर्यटन बोर्डमा आयोजित 'जर्निज विथआउट ब्यारियर्सः सोफी मोर्गन इन नेपाल' कार्यक्रममा मोर्गनले आफ्नो हालैको नेपाल यात्राका अनुभव सुनाउँदै अपांगता भएका पर्यटकका लागि नेपालका पर्यटनसम्बन्धी अनुभवलाई थप पहुँचयोग्य बनाउन सकिने उपायबारे धारणा राखिन् । उनले हालै 'इम्प्याक्ट एडभेन्चर'सँग काठमाडौं, पोखरा र उपल्लो मुस्ताङको यात्रा गरेकी थिइन् ।

साहसिक पर्यटक र ह्विलचेयर प्रयोगकर्ता दुवैका रूपमा गरिएको यस यात्राले यातायात, आवास, पर्यटन अनुभव, पूर्वाधार र आतिथ्य सेवामा पहुँचयोग्यताको अवस्थाबारे प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गरेको मोर्गनले उल्लेख गरिन् । आफ्नो यात्राबारे चर्चा गर्दै मोर्गनले नेपालका मानिसको आत्मियता र यहाँको संस्कृति नेपालको सबैभन्दा ठूलो शक्तिमध्ये एक भएको बताइन् ।

'नेपालमा यस्ता यात्रा सम्भव बनाउने क्षमता छ, जुन



अपांगता भएका धेरै व्यक्तिले आफ्नो पहुँचभन्दा बाहिरको कुरा ठानेका हुनसक्छन् । यो यात्राभर मलाई सबैभन्दा बढी प्रभावित गरेको विषय यहाँका मानिसको आत्मियता, सद्भाव र आतिथ्य भाव हो । त्यो भावना नेपालको ठूलो शक्ति हो, यसलाई अझ राम्रो पहुँचयोग्यता, भरपर्दो सूचना र स्पष्ट योजनासहित अघि बढ्ने हो भने नेपालले अपांगता भएका पर्यटकलाई साँच्चिकै असाधारण यात्रा अनुभव प्रदान गर्न सक्छ', उनले भनिन् ।

संवादका क्रममा मोर्गनले पहुँचयोग्य पर्यटनको जिम्मेवारी व्यक्तिगत पर्यटन व्यवसाय वा टुर अपरेटर (भ्रमण प्रबन्धक)को मात्र हुन नसक्ने बताइन् । यसका लागि सरकार, पर्यटन व्यवसायी, निजी क्षेत्र र स्थानीय अपांगता समुदायबीच समन्वय र सामूहिक प्रयास आवश्यक रहेको उनको भनाइ छ ।

'पहुँचयोग्य पर्यटन व्यक्तिगत टुर अपरेटरहरूको मात्र जिम्मेवारी हुन सक्दैन, यसका लागि पर्यटन क्षेत्र, सरकार, व्यवसाय र स्थानीय अपांगता समुदायले मिलेर पहुँचयोग्य पूर्वाधारमा लगानी गर्न, नियमित रूपमा अपांगता सचेतना तालिम सञ्चालन गर्न र संरचनागत अवरोध हटाउन आवश्यक छ । नेपालसँग पहुँचयोग्य पर्यटनलाई एउटा सीमित वा विशिष्ट बजारका रूपमा मात्र नभई पर्यटक, व्यवसाय र समुदाय सबैलाई लाभ पुऱ्याउन सक्ने समग्र पर्यटन क्षेत्रको अवसरका रूपमा हेर्नुपर्दछ', उनले भनिन् ।

मोर्गनले छलफलमा पहुँचयोग्यता भौतिक पूर्वाधारमा मात्र सीमित नहुने विषय उल्लेख गर्नुभएको थियो । 'मेरो लागि पहुँचयोग्यता अन्ततः स्वतन्त्रता, आफ्नो निर्णय आफैँ गर्ने अधिकार र छनोटसँग सम्बन्धित छ अर्थात् आफ्नै सर्तमा सहभागी हुन सक्ने क्षमता, सबै भौतिक अवरोध रातारात हटाउन सम्भव नहुन सक्छ । तर स्पष्ट, विस्तृत र इमानदार सूचना उपलब्ध गराउँदा अपांगता भएका पर्यटकले आफूले के अपेक्षा गर्ने भन्ने बुझ्न र आफ्नै निर्णय लिन सक्छन्, कहिलेकाहीँ राम्रो सूचना उपलब्ध गराउनु यात्रालाई थप समावेशी बनाउने सबैभन्दा सरल र प्रभावकारी कदममध्ये एक हुन सक्छ', उनले भनिन् ।

नेपाल पर्यटन बोर्डका निमित्त निर्देशक सुनिल शर्माले मोर्गनको नेपाल यात्राले विश्वभरका फरक क्षमता भएका पर्यटकहरूलाई प्रेरित गरेको बताए । 'नेपालको कास्कीमा पहिलो प्रमाणित पहुँचयोग्य गन्तव्यका रूपमा विकास गरिएको छ । बोर्डले यस्ता गन्तव्य पहिचान गर्दै पूर्वाधार निर्माणमा पनि पहल गरिरहेको छ । गन्तव्यको योजनालाई थप समावेशी बनाउन निजी क्षेत्रसँग सहकार्य गर्न बोर्ड तयार छ', उनले भने ।

इम्प्याक्ट एडभेन्चरका प्रमुख कार्यकारी अधिकृत पंकज प्रधानांगले मोर्गनको नेपाल यात्रा र यस कार्यक्रमको उद्देश्य नेपालको पर्यटन उद्योगलाई थप समावेशी बनाउने विषयमा व्यापक संवाद अघि बढाउनुका साथै साहसिक पर्यटन र पहुँचयोग्यता एकअर्काका विरोधाभासी विषय नभएको सन्देश दिनु रहेको बताए ।

गत अगस्त ३० देखि सुरु भएको यात्रा सेप्टेम्बर ११ सम्म काठमाडौं, पोखरा र उपल्लो मुस्ताङसम्म समेटिएको थियो । यस यात्राले नेपाललाई पहुँचयोग्य तथा समावेशी साहसिक पर्यटनको उदीयमान गन्तव्यका रूपमा अन्तरराष्ट्रियस्तरमा चिनाउन र यससम्बन्धी कथा तथा अनुभव प्रस्तुत गर्नसमेत योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

## एनआरएनए उपाध्यक्ष गैरेको पाँच लाख सहयोग

**लिस्बन (प्रस)–** गैरआवासीय नेपाली संघ अन्तरराष्ट्रिय समन्वय परिषद् (एनआरएनए) का उपाध्यक्ष तिलकप्रसाद गैरेले बाढीपीडितका लागि रु पाँच लाख आर्थिक सहयोग गरेका छन् । रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि गैरेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गरेका हुन् ।

बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरिएको उनले बताए । 'देशमा ठूलो संकट परेका बेला सकेको सहयोग गर्नुपर्छ भन्ने भावनाले रकम उपलब्ध गराएको हुँ', उनले भने । बाढीबाट प्रभावित रसुवाका करिब ५० परिवारलाई राहत सामग्रीसमेत वितरण गर्ने योजना रहेको पनि उनले बताए ।

## गोर्खाज फाइनान्सद्वारा १५ लाख सहयोग

**काठमाडौं (प्रस) –** गोर्खाज फाइनान्स लिमिटेडले रसुवाको भोटेकोशीबाढी प्रभावित नागरिकको राहत, उद्धार तथा पुर्नस्थापनाको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १५ लाख १८ हजार ४२६ रकम जम्मा गरेको छ ।

फाइनान्समा कार्यरत कर्मचारीहरूले सो उद्धार कोषमा आफ्नो दुई दिनको तलब बराबरको रकम कोषमा प्रदान गरेका हुन् । फाइनान्सका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र इवाहाङले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई सो रकम बराबरको चेक हस्तान्तरण गरे ।

# सहरको भान्सामा पुग्छ भोजपुरको 'अकबरे खुर्सानी'

**भोजपुर–** भोजपुरमा उत्पादित अकबरे (डल्ले) खुर्सानीले पछिल्लो समय देशका विभिन्न प्रमुख शहरमा राम्रो बजार पाउन थालेको छ । गाउँगाउँसम्म यातायातको सहज पहुँच पुगेसँगै यहाँका किसानले उत्पादन गरेको अकबरे खुर्सानी काठमाडौं, धरान, विराटनगर र झापालगायतका बाह्य जिल्ला तथा सहरमा निर्यात हुन थालेको हो ।

अकबरे खुर्सानीको व्यावसायिक खेती यहाँका अधिकांश किसानका लागि मुख्य आम्दानीको भरपर्दो स्रोत बनेको छ । परम्परागत खाद्यान्न बालीको तुलनामा अकबरे खुर्सानीबाट राम्रो आम्दानी हुने गरेपछि धेरैजसो स्थानीय किसान यसको व्यावसायिक खेतीतर्फ आकर्षित भएका छन् । हाल किसानले स्थानीयस्तरमै प्रतिकेजी रु १५० देखि रु २०० सम्ममा खुर्सानी बिक्री गर्दै आएका छन् ।

पौवादुङमा गाउँपालिका–२, तिवारीभन्ज्याङका स्थानीय किसान टिकाराम तिवारीका अनुसार तिवारीभन्ज्याङ संकलन केन्द्रबाट मात्रै दैनिक ३०० देखि ४०० केजीसम्म खुर्सानी बाह्य जिल्लाका बजारमा पठाउने गरिएको छ । सडक सुविधाका कारण व्यापारी खुर्सानी खरिद गर्न सोझै किसानका खेतबारी र स्थानीय संकलन केन्द्रसम्म पुग्ने गरेका छन् ।

तिवारीले विगत पाँच वर्ष अघिदेखि खुर्सानी खेतीसँगै अन्य किसानले उत्पादन गरेको खुर्सानी संकलन गरेर बाहिर पठाउँदै आएको बताए । 'स्थानीयस्तरमा उत्पादन भएको खुर्सानी बाह्य जिल्लामा पठाउँदै आएको छु' उनले भने, 'तिवारीभन्ज्याङबाट मात्र दैनिक ४०० केजीसम्म खुर्सानी शहरी क्षेत्रमा गइरहेको छ ।'

उत्पादन भएको खुर्सानी बिक्री गर्न र बजारीकरणका लागि हाल कुनै समस्या नरहेको भोजपुर नगरपालिका–५ बोखिमका स्थानीय किसान कमला थापाले बताइन् । भोजपुरको पहाडी हावापानीमा उत्पादन भएको अकबरे खुर्सानी पिरो र स्वादिलो हुने भएकाले बाहिरी जिल्लामा माग उच्च रहेको उनको भनाइ छ ।

जिल्लामा यस वर्ष करिब ५४५ हेक्टर क्षेत्रफलमा अकबरे खुर्सानी खेती भइरहेको कृषि ज्ञान केन्द्र भोजपुरका प्रमुख मुकेशकुमार यादवले जानकारी दिए । यो वर्षको खुर्सानी अझै बिक्री भइरहेकाले कुल कति उत्पादन भयो भन्ने अन्तिम तथ्यांक आउन बाँकी रहेको उनको भनाइ छ ।

गत आर्थिक वर्षमा भने जिल्लामा पाँच हजार २३२ मेट्रिकटन अकबरे खुर्सानी उत्पादन भएको थियो । जसबाट जिल्लामा करिब रु २३ करोड भित्रिएको तथ्यांक रहेको प्रमुख यादवले जानकारी दिए । 'अकबरे खुर्सानी भोजपुरका किसानको राम्रो आम्दानीको स्रोत बनेको छ,' प्रमुख यादवले भने, 'धेरै किसान खुर्सानीको व्यावसायिक खेतीमा आबद्ध रहेका छन् । यहाँको खुर्सानी बाह्य जिल्लामा ठूलो परिमाणमा निर्यात हुँदै आएको छ ।' स्थानीय तहले पनि खुर्सानीको खेतीको लागि किसानलाई अनुदान सहयोग गर्दै आएका छन् । जिल्लामा उत्पादन भएको खुर्सानीको शहरका बजारमा राम्रो माग रहेको किसानको भनाइ छ । *रासस*

# आम्दानीको स्रोत बन्यो रातो च्याउ

**म्याग्दी–** म्याग्दीको धवलागिरी गाउँपालिका–३ मुनाका नगेन मगर हिजोआज जंगलमा रातो च्याउ खोज्न व्यस्त छन् । नगेनसहित चार जना मुनाका युवाको समूह रातो च्याउ संकलन गर्नका लागि करिब दश दिनका लागि बस्दोबस्तीका सामानसहित जंगलमै गोठ बनाएर बसेका छन् । 'तीन जनाले च्याउ खोज्नुहुन्छ, मैले जंगलबाट डोकोमा बोकेर गाउँमा ल्याउने गरेको छु' उनले भने, 'करिब दैनिक ५० किलोग्राम च्याउ संकलन र बिक्री भइरहेको छ ।'

नगेनले शुक्रबार करिब रु ४० हजारको रातोच्याउ बिक्री गरेको बताए । लेकाली क्षेत्रका बासिन्दा च्याउ पलाउने याम सुरु भएपछि जंगल पसेका छन् । प्राकृतिक रूपमा पाइने रातो च्याउ लेकाली क्षेत्रका बासिन्दाको लागि आम्दानीको सोत बनेको छ । च्याउको सुरक्षाका लागि पलाउने ठुटाको नजिकै बसेर ओगट्ने चलन छ ।

मध्यजेठदेखि मध्यअसारसम्म र मध्यभदौदेखि असोजसम्म मात्र च्याउ टिप्ने उपयुक्त मौसम हो । समुन्द्रि सतहदेखि तीन हजारदेखि चार हजार मिटर उचाइका जंगलमा खस्रु, हिमाली सल्ला, फलाट, दबदबे जातका सुकेका रूखमा प्राकृतिक रूपमा बर्खायाममा उम्रने रातोच्याउ तरकारीको रूपमा उपभोग हुन्छ ।

पोषिलो, अर्गानिक र औषधिय गुण पाइने तथा स्वादिलो हुने भएकाले रातो च्याउको माग उच्च हुने गरेको धवलागिरी गाउँपालिका–३ मुनाका मनबहादुर पुनले बताए । 'मासुको विकल्पमा पनि रातो च्याउको उपभोग हुने गर्छ,' उनले भने, 'रातो च्याउ पोषिलो र तागतिलो तरकारीको रूपमा परिचित छ ।'

ताजाका साथै प्रशोधन र सुकाएर पनि रातो च्याउ उपभोग गर्न सकिन्छ । बजारमा बस्ने र विदेशमा पुगेकाले रातो च्याउको चाहना गर्ने गरेका मुनाका ब्यवसायी रूपा शेरपुन्जाले बताइन् । गाउँबाट सहर र विदेशमा कोशेलीको रूपमा रातो च्याउ पठाउने चलन रहेको छ ।

सडक यातायातको सुविधासँगै लेकाली क्षेत्रका बासिन्दाले जंगलमा रातो च्याउ टिपेर एकै दिनमा बेनी र पोखराका बजारमा पुऱ्याउन थालेका धवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए । 'रातो च्याउ बेरोजगारको लागि रोजगारी र आम्दानीको स्रोत बनेको छ,' उनले भने, 'स्थानीयले संकलन गर्ने च्याउलाई बजारीकरणका लागि ब्यापारिसँग समन्वय गरेका छौं ।' सडक यातायातको सुविधा नहुँदा सुकुटी बनाएर रातो च्याउ बेच्ने गरेका थिए ।

ताजा रातोच्याउ प्रतिकेजी रु एक हजारका दरले किनबेच भइरहेको छ । सुकुटी बनाएको प्रतिकेजी रु चार हजारदेखि पाँच हजारसम्म पर्छ । रातो च्याउमा प्रोटिन र विभिन्न मिनरल्स तत्व पाइने नेपाल कृषि अनुसन्धान परिषद्को रातो च्याउ खेती प्रविधि पुस्तिकामा उल्लेख छ ।

रातो च्याउ टिप्न जोखिम र दुःख पनि छ । वस्तिदेखि टाढाको जंगलमा वन्यजन्तुको आक्रमण हुने जोखिम हुन, सुकेका अग्ला रूखमा उम्रेको च्याउ टिप्न ज्यान जोखिममा राखेर चढ्नु सजिलो छैन । रातो च्याउ सजिलै चिन्न सकिने भएकाले विषालु च्याउको जोखिम भने नहुने बताइन्छ । *रासस*

# भदौको करदाता उपहार असोजमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवाको भोटेकोशीमा गएको बाढीका कारण स्थगन गरिएको भदौ महिनाको करदाता प्रोत्साहन उपहार घोषणा आगामी असोज १ गते हुने भएको छ ।

आन्तरिक राजस्व विभागका महानिर्देशक डा. भीष्मकुमार भुसालले भदौ महिनाको पुरस्कार घोषणा यही असोज १ गते गरिने जानकारी दिए । करदातालाई बिल लिन र कर तिर्ने प्रणालीमा अभ्यस्त गराउन नयाँ आर्थिक वर्षको बजेटमार्फत उक्त उपहार कार्यक्रम घोषणा गरिएको थियो ।

साउन १ गतेदेखि सञ्चालनमा आएको उक्त प्रोत्साहन कार्यक्रमअन्तर्गत यही भदौ १६ गते हुने भनिएको पुरस्कार घोषणा भोटेकोशी बाढीका कारण देशमा विपद् आएपछि स्थगन गरिएको थियो ।

महानिर्देशक भुसालले पहिलो चरणमा भदौ १ देखि १५ गतेसम्म बिल–बिजक लिएर विभागको पोर्टलमा दर्ता गराएका तथा अनलाइनमार्फत वस्तु खरिद गरेका उपभोक्तामध्येबाट हरेक दिनको एक जनाका दरले १५ जनालाई एक लाख ३३ हजार ३३४ रूपैयाँका दरले विजेता छनोट गरिने बताए ।

भदौ १ देखि १५ सम्म कारोबारमा संलग्न उपभोक्तामध्येबाट एक जनालाई रु १० लाख रूपैयाँ राशिको करदाता बम्पर प्रोत्साहन पुरस्कारका लागि छनोट गरिनेछ । त्यसपछि दोस्रो चरणमा, भदौ १६ देखि ३१ गतेसम्मका १६ दिनका लागि १६ जनालाई रु एक लाख ३३ हजार ३३४ पुरस्कारका लागि छनोट गरिने विभागले जनाएको छ ।

भदौ महिनाको दोस्रो १६ दिनका उपभोक्तामध्येबाट एक जना रु १० लाख राशिको बम्पर विजेता छनोट हुनेछन् । असोज १ गते भदौ महिनाका रु एक लाख ३३ हजार ३३४ का ३१ जना विजेता र रु १०–१० लाखका दुई जना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ